# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## व्यास नगरपालिका

## तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## व्यास नगरपालिका
## तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

व्यास नगरपालिका

तनहुँ


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ३० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
व्यास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियत सहितको राय**

हामीले व्यास नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ११ करोड ४६ लाख ९१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ३ लाख ३३ हजार फस्यौंट भई बाँकी रु. ११ करोड ४३ लाख ५८ हजार बेरुजु बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.३ करोड ८२ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ४० लाख ९१ हजार, अनियमित रु. १ करोड ७० लाख ७८ हजार र पेश्की रू.२ करोड ४९ लाख ४६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २९ करोड १९ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४० करोड ६२ लाख ८० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | २८८ | ११४६९१ | ० | ६ | ३३३ | ५४ | २८२ | ११४३५८ | ३८२४३ | १७०७८ | ३४०९१ | ० | ० | ५११६९ | २४९४६ |

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५२ | कार्यपालिका सदस्यलाई वढी भुक्तानी | ३२९३५ |
| २ | ११ | कर्मचारी कल्याणकोषवाट लगेको ऋण भुक्तानी | ३००४०२ |
| | जम्मा | | ३३३३३७ |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| व्यास नगरपालिका | २९१९२२ | ० | ० | २९१९२२ | ० | ११४३५८ | ४०६२८० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : व्यास नगरपालिका, तनहुँ, ब्यास नगरपालिका, तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganga Lal Subedi | २०७९-११-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हेमन्त गुरुङ | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११४,३५८,१४२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १८,०८,३४,०२३.१५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७५,५५,५१,४३४.२६ | **चालु खर्च** | ७२,४९,४९,१२३.३७ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०१,५३,१७२ | **पूँजीगत खर्च** | ४२,०३,८४,३७७.५ |
| **राजश्व बाँडफाँट** | २९,०४,६४,२८३ | **वित्तीय/अन्य व्यवस्था** | ३८,५७,०५,७५३.२८ |
| **आन्तरिक आय** | १२,७०,४३,५४७.५७ | | |
| **अन्य आय** | ३६,७५,९५,४७१.१२ | | |
| **कुल आय** | १,५८,०८,०७,९०७.९५ | **कुल खर्च** | १,५३,१०,३९,२५४.१५ |
| **बाँकी मौज्दात** | | २३,०६,०२,६७६.९५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस व्यास नगरपालीकाको स्थापना भएको हो। नेपालको संविधान अन्तर्गत २०७३ फाल्गुण २७/ २०७४ जेठ ११/ जेठ १८ को नेपाल राजपत्रको सूचना अनुसार स्थापना भएको व्यास नगरपालिका गण्डकी प्रदेशको तनहुँ जिल्लामा रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १४ वडा, सभा सदस्य ७४ जना छन् । पालिकाको क्षेत्रफल २४८ वर्ग किमी र जनसंख्या ८६५३३ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धित प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रमा निम्नानुसार रकम असुल भई सम्बन्धित संचित कोषहरुमा दाखिला भएको छ।<br><br>
<table>
<tr><th>बिबरण</th><th>असुली रकम रु.</th><th>संचित कोष</th></tr>
<tr><td>ग्रेड वृद्धि तथा तहबृद्धि बदर पश्चात बढी तलब भुक्तानी भएको २८ कर्मचारीहरुको तलब भत्ता रु.</td><td>५५६९७४</td><td>स्थानिय</td></tr>
<tr><td>मधु खानको बक्यौता रहेको सटरभाडा रु.</td><td>२०१४०३</td><td>स्थानिय</td></tr>
<tr><td>शिक्षा तर्फ बढि निकासा दिएको रु.</td><td>३१६४१</td><td>संघिय</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| राष्ट्रपति शैक्षिक सुधार तर्फ बढी भुक्तानी भएको रु. | २५५०० | संघिय |
| सामाजिक सुरक्षा तर्फ बाँकी रहेको रकम | ८१३६४२ | संघिय |
| जम्मा | १६२९१६० | |

४

**मौज्दातः**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाको विभिन्न खाताहरुको बैंक अनुसारको मौज्दात र श्रेस्ता अनुसारको मौज्दात निम्नानुसार फरक छ। पालिकाले मौज्दात फरक परेको खाताहरुको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गरेको छ।

| क्रसं | विवरण | बैक स्टेटमेन्ट अनुसार | स्रेस्ता अनुसार | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | विविध खर्च खाता | ९७४,२६१.५० | ९७४,२६१.५० | - | |
| २ | धरौटी खाता | २०,७५८,०४७.९३ | २०,६५५,९५१.९३ | १०२,०९६.०० | बैक हिसाव मिलान गरिएको |
| ३ | संचित कोष खाता | १६७,५५२,०३८.४० | १६६,७२०,३९७.५६ | ८३१,६४०.८४ | |
| ४ | विविध कोठा खाता | ३९,०४७,९८७.८६ | ३९,०४७,९८७.८६ | - | |
| ५ | आकस्मिक खाता | २,२६१,७०५.४७ | २,२६१,७०५.४७ | - | |
| ६ | प्रकोप व्यवस्थापन कोष | ८,६३४.७९ | ८,६३४.७९ | - | |
| | | २३०,६०२,६७५.९५ | २२९,६६८,९३९.११ | ९३३,७३६.८४ | |

५

**एकिकृत आर्थिक विवरण**

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | १८०८३४०२३.१५ | १ | चालु खर्च (साट्न बाकी चेक घटाएर) | ७२५१७२२६६.३७ | ७२५१७२२६६.३७ |
| | क) नगद | | | २ | पूँजीगत खर्च (साट्न बाकी चेक घटाएर) | ४२०३८४३७७.५० | ४२०३८४३७७.५० |
| | ख) बैंक | १८०८३४०२३.१५ | | ३ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | २८१७९७७६६.६१ |
| २ | राजस्व (आन्तरिक आय) | | ४१७५०७८३०.२८ | | सामाजिक सुरक्षा | २७३८६६३०४.६१ | |
| | क) आन्तरिक राजस्व | १२७०४३५४७.५७ | | | गरिवसँग विश्वेश्वर | ४६४०००.०० | |
| | ख) संघिय राजस्व बाँडफाँड | १४४९४९७९६.०७ | | | पर्यटन पुर्वाधार विकास आयोजना | ३५६९२१२.०० | |
| | ग) प्रदेश राजश्व वाँडफाँड | १७३३०५८१.०० | | | स्वच्छ वातावरण कार्यक्रम | १९४८१००.०० | |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | ७४४२५३००.८० | | | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | १९५०१५०.०० | |
| | ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त | ५३७५८६०४.८४ | | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ७५५५५१४३४.२६ | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १९७६००००.०० | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | ५४४६८४५७५.२६ | | ४ | वित्तीय व्यवस्था भुक्तानी | | ९४७६८५७.०० |
| | ग) समपूरक अनुदान | ०.०० | | | क) ऋण भुक्तानी | ५३८९४८९.२६ | |
| | घ) विशेष अनुदान | १३२६६८५९.०० | | | ख) ब्याज भुक्तानी | ४०८७३६७.७४ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४०१५३१७२.०० | | ग) अन्य भुक्तानी | ०.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | २४४७८०००.०० | | ५ | लगानी | | ०.०० |
| | ख) सशर्त अनुदान | ०.०० | | | ऋण लगानी | | |
| | ग) समपूरक अनुदान | ५००००००.०० | | | शेयर लगानी | | |
| | घ) विशेष अनुदान | १०६७५१७२.०० | | | अन्य लगानी | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ०.०० | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | ९०६९३७१.०० | ९०६९३७१.०० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | ०.०० | | | | |
| | क) ऋण प्राप्ति | | | | विभिन्न कोषतर्फको खर्च | | |
| | ख) साँवा प्राप्ति | | | | विभाज्य कोष खाता | | |
| | ग) ब्याज प्राप्ति | | | ७ | बिबिध कोष खाता | | ५१११४४७९.९७ |
| ७ | विभिन्न कोषतर्फको आय | | ६२०२८२७५.५१ | | कर्मचारी कल्याण कोष | १०९४७४५.१७ | |
| | विभाज्य कोष खाता | ०.०० | | | लैंगिक हिंशा | ४४६६०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बिबिध कोष खाताः | | | | पी.सि.आर.ल्याव | ५६३३१२४.७० | |
| | कर्मचारी कल्याण कोष | ८२२०५.६९ | | | साझेदारी विकास कोष | १२८७५६५०.१० | |
| | लैंगिक हिंशा | ०.०० | | | मर्मत संभार कोष | १०५९६६७३.०० | |
| | पी.सि.आर.ल्याव | २८०११५६.०० | | | वेदव्यास शिवपान्चायन १०८ फिट | २०८६९६२७.०० | |
| | साझेदारी विकास कोष | १२४६१५०८.४३ | | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | १२५४७८८६.०२ | १२५४७८८६.०२ |
| | मर्मत संभार कोष | ०.०० | | | विविध खर्च खाता (साट्न बाकी चेक घटाएर) | ११८१७१६८.३९ | ११८१७१६८.३९ |
| | वेदव्यास शिवपान्चायन १०८ फिट | १०८७४६२७.०० | | | विपद व्यवस्थापन/कोष | ९६५९०८२.०० | ९६५९०८२.०० |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ११६८४२४०.०० | | | | | |
| | आकस्मिक कोष खाता | ११५०००००.०० | | ८ | मौज्दात | | २३०६०२६७५.९५ |
| | विविध खर्च खाता | १२६२४५३८.३९ | | | क) नगद मौज्दात | ०.०० | |
| ८ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | २८१७९७७६६.६१ | | ख) चालु खर्च खाता (१,७०,८५,३९८.३३) | ०.०० | |
| | सामाजिक सुरक्षा | २७३८६६३०४.६१ | | | ग) पुजीगत खर्च खाता (१५,०४,६६,६४०.०७) | ०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरिवसँग विश्वेश्वर | ४६४०००.०० | | | घ) बैंक मौज्दात (संचित कोष खाता) | १६७५५२०३८.४० | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | ३५६९२१२.०० | | | ङ) आकस्मिक कोष खाता | २२६१७०५.४७ | |
| | स्वच्छ वातावरण कार्यक्रम | १९४८१००.०० | | | च) बैंक मौज्दात (धरौटी कोष खाता) | २०७५८०४७.९३ | |
| | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | १९५०१५०.०० | | | छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ८६३४.७९ | |
| ९ | लागत सहभागिता | ९४८०७६८.०० | ९४८०७६८.०० | | ज) विविध खर्च | ९७४२६१.५० | |
| १० | धरौंटी आय | १४२८८६६१.०० | १४२८८६६१.०० | | झ) विविध कोष खाता | ३९०४७९८७.८६ | |
| ११ | लगानीको साँवा फिर्ता | | ०.०० | | | | |
| १२ | अन्य विविध आय | | ०.०० | | | | |
| | जम्मा | | १७६१६४१९३०.८१ | | जम्मा | | १७६१६४१९३०.८१ |

६

**वित्तीय विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- यस स्थानिय तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी मौज्दात राखेको वा खर्च गरेको पाईयो।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>● स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यसवाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।
<table>
<tr><th>विवरण</th><th>स्रेस्ताअनुसार</th><th>मलेपफा.न २७२ अनुसार</th><th>फरक रकम</th><th>कैफियत</th></tr>
<tr><td>गतवर्षको जिम्मेवारि</td><td>१८०८३४०२३</td><td>१६२५९०५०३.६९</td><td>१८२४३५१९.३१</td><td>संचित कोष खाता सुन्य नगरिएको रकम</td></tr>
<tr><td>मौज्दात</td><td>२३०६०२६७५.९५</td><td>२३०६०२६७५.९५</td><td>९३३७३६.६६</td><td>बैक हिसाव मिलान गरिएको छ</td></tr>
<tr><td>धरौटी</td><td>२०६५५९५१.९३</td><td>२०६५५९५१.९३</td><td>०</td><td></td></tr>
<tr><td>आन्तरिक आय</td><td>४२६९८८५९८.३६</td><td>४०४६३५०८९.३६</td><td>२२३५३५०८.९२</td><td>मलेप फा.नं.२७२ मा संस्थागत अनुदान नजोडिएको</td></tr>
<tr><td>कोष</td><td>३९०४७९८७.६६</td><td>३९०४७९८८.०४</td><td>०.३८</td><td></td></tr>
<tr><td>पेश्की बाँकी</td><td>१००९२८८४०.००</td><td>१०४०२८८४०.००</td><td>३१०००००</td><td>पेफ गर्दा पस्की समायोजन खाता छनोट नहुदा</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>मौज्दात रकम फिर्ताः<br><br>अर्थ मन्त्रालयको अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक बर्ष २०७८।७९ मा खर्च नभई बाँकी रहेको संघिय शसर्त अनुदान रु. ३,९२,२५,७०२।४०, विशेष अनुदान रु. २,००० र प्रदेश विशेष अनुदान रु. ८२८।०० गरी जम्मा रु. ३,९२,२८,५३०।४० फिर्ता गरेको छ। फिर्ता गर्नुपर्ने बाँकी नरहेको पालिकाले जनाएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्।<br><br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,<br>• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,<br>• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन्।<br>• सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड, २०७८ को दफा ९ मा सवारी साधनको उपयोग र व्यवस्थापन गर्दा नेपाल सरकारवाट स्विकृत मापदण्ड आंशिक रुपमा पालना नभएको, मर्मत खर्च अनियन्त्रित रुपमा हुने गरेको,<br>• आन्तरिक लेखापरीक्षकले बार्षिक प्रतिवेदन एकिकृत रुपमा दिने नगरेको,<br>• प्रतिवेदनमा व्यहोरा औंल्याउँदा तथ्यमा आधारित नभई विषयगत व्यहोराहरु लेखेको,<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **वजेट पेश र पारित गर्नेः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाको २०७८।७९ को बजेट २०७८ असार १० गते सभामा पेश गरेर असार २५ गते पारित तथा सार्वजनिकिकरण गरेको छ भने २०७८ श्रावण ५ गते प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको छ। | |
| १० | | | **नक्सा पासः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकावाट आ.व. २०७८।७९ मा नयाँ घर नक्सा पासको लागि पेश भएको ५२१ वटा निवेदन मध्ये ४५० वटा अस्थायी अनुमति दिएको छ भने, विगत बर्षमा अनुमति लिएको मध्येबाट ३५६ वटा र यो बर्ष अनुमति लिएको मध्ये २३० गरी जम्मा ५६८ वटा निर्माण सम्पन्न प्रमाण पत्र दिएको छ। अन्य पालिकाहरुको असल अभ्यासहरुलाई अनुसरण गरी नक्सापास तथा सोको अभिलेख व्यवस्थापनलाई व्यवस्थीत बनाउनुपर्दछ । | |
| ११ | | | **कर्मचारी कल्याण कोषः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाको आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीलाई खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले पेश गरेको कर्मचारी कल्याण कोषको विवरण अनुसार गत बर्षको अल्या रु.१ करोड ८६ लाख ७२ हजार रहेकोमा यस वर्ष आम्दानी रु.८२ हजार मात्र रहेको छ। जम्मा रकम रु.१ करोड ८७ लाख ५४ हजार मध्ये यो बर्ष रु.१० लाख ९५ हजार खर्च भई कोषको मौज्दात रु. १ करोड ७६ लाख ५९ हजार बाँकी रहेको देखिन्छ। हालसम्म रु.१३ लाख ५० हजार मात्र ऋण लगानी भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कर्मचारी कल्याणकोष विनियम, २०६७ स्थानीय स्वायत शासन ऐन, २०५५ को दफा २६५(२) र स्थानीय स्वायत नियमावली, २०५६ को २७५ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी कल्याणकोष विनियम,२०६७ तर्जुमा गरेको देखिएकोले यसलाई स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार परिमार्जन गरिनुपर्दछ।<br>• कर्मचारीले खाईपाई आएको तलबको १० प्रतिशतले हुने रकम कोषमा जम्मा गर्ने गरेको पाईएन्। यो बर्ष कोषको आम्दानी रु. ८२ मात्र भएको छ भने खर्च रु. १० लाख ९५ हजार भएकोले कोषको दिगोपनामा असर पर्ने देखिन्छ।<br>• प्राप्त हुने बाँकी सावाको ब्याज स्पष्ट देखिने गरी हिसाव राख्नुपर्नेमा व्याज प्राप्ति विवरण हिसाव गरी उल्लेख गरिएको देखिएन।<br>• यस कोषको उद्देश्य कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलई औषधी उपचार गर्न, कर्मचारीका छोराछोरीलाई शिक्षा दिन, कुनै कर्मचारी वा निजको परिवारलाई दैवीप्रकोप वा दुर्घटनाको कारण आर्थिक संकट परेमा संचालक समितिको निर्णय वमोजिम तोकेको व्याजदरमा ऋण उपलब्ध गराउन, वहालवाल कर्मचारीको मृत्यु भएमा निजको परीवारलाई आर्थिक सहयोग गर्न, कर्मचारी वा निजको परीवारको सदस्यको मृत्यु भएमा दाह संस्कार र किरिया खर्च उपलब्ध गराउन तथा निश्चित प्रतिशत व्याजदरमा कुनै कर्मचारीलाई घर जग्गा सापटी वा घरजग्गाको धितोमा दिईने कर्जा उपलब्ध गराउन सहयोग गर्ने हेतुले यस कोषवाट भएको ऋण लगानीमा तिर्नुपर्ने र व्याजदर समसामयिक एवं सहुलियतपुर्ण बनाउनुपर्दछ।<br>• यस विनियमको २६ मा कर्मचारीले लिएको सापटी रकमको भुक्तानी सापटीले लिएको मितिवाट २ वर्षको हुने व्यस्था रहेकोमा कर्मचारीले गरेको सम्झौतामा उल्लेख भए वमोजिमको भाखाभित्र ऋण रकमको सावाँ ब्याज तथा सम्झौतामा तोकिएको शर्त अनुसार प्राप्त हुनुपर्ने ब्याज समेतको हिसाव राख्ने गरी स्रेस्ता राखेको पाईएन। मिति २०७१।१२।१० देखि हालसम्म भाका नाघेको सावाँ रु. ३००४०२।०० र सोमा प्राप्त हुने व्याज र हर्जना सहित असुल हुनुपर्ने रू. | ३७९,६८१ |

| सि.न. | कर्मचारीको नाम | लगानी मिति | रकम |
|---|---|---|---|
| १ | विष्णु खड्का क्षेत्री | २०७१।१२।१० | १५१३९३ |
| २ | तिर्थ बहादुर तामाङ | २०७१।१२।१० | १५९८०२ |
| ३ | चित्र बहादुर दरै | २०१७१।१२।१० | ६८४८६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td></td><td></td><td>३७९६८१</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ३००४०२।- सम्परीक्षण गरिएको।)
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
अनुत्पादक तथा वितरणमुखी खर्चः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लक्ष्यित उद्देश्य प्राप्तिको लागि रकम खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले देहाय अनुसार रु. ३२ लाख ३८ हजार अनुत्पादक तथा वितरणमुखी खर्च गरेको छ। सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यसरी वितरणमुखी खर्च गर्दा नगरपालीकाको दिर्घकालीन लाभका आयोजनाहरुमा बिनियोजन हुने रकममा कमी आउँछ। यस प्रकारको अनुत्पादक तथा वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११९२</td><td>नगरसभाको वृतचित्र निर्माण</td><td>२०००००</td></tr>
<tr><td>१११३</td><td>जनप्रतिनिधिको ५ वर्षे कार्यक्रममा भएको उल्लेखनिय कार्यको वृत चित्र निर्माण</td><td>४९९४६०</td></tr>
<tr><td>११११</td><td>न्यायिक समितिवाट भए गरेका गतिविधिको वृत चित्र निर्माण</td><td>४९९४६०</td></tr>
<tr><td>११०९</td><td>शिक्षा सम्वन्धि उल्लेखनिय कार्यको वृत चित्र निर्माण</td><td>४९५४२४</td></tr>
<tr><td>९४७</td><td>वृत चित्र निर्माण गर्दा खाना खाजा रकम भुक्तानी</td><td>४१३००</td></tr>
<tr><td>१४८५</td><td>शान्ती दिप युवा क्लव</td><td>२५०००</td></tr>
<tr><td>१४६९</td><td>भंगेरी आमा समुह</td><td>३४५२३</td></tr>
<tr><td>१४७२</td><td>शेरा सामुदायीक भवन</td><td>२००००</td></tr>
<tr><td>१४५३</td><td>चण्डी देवी जागरण महिला समुह</td><td>५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | |
|---|---|---|
| १४५५ | चापाघाट टोल विकास संस्था | १०००० |
| १४३७ | जामुनेटोल विकास संस्था | २०००० |
| १४३९ | जनचेतना टोल विकास संस्था | १५०००० |
| १३२२ | नमस्ते देउराली युथ क्लव | २००००० |
| १०८९ | तनहुँ सौन्दर्य व्यवसायी संघ | ७५००० |
| १०९० | नवदिप युवा क्लव | २२००० |
| १०९७ | पाटन युवा क्लव | ५०००० |
| १३२६ | पाटन युवा क्लव | २००००० |
| ८८४ | सेतो गुँरास बाल विकास सेवा | १००००० |
| ८८६ | मेलमिलाप आमा समुह | ९४१७५ |
| ८९० | नवयुवा क्लव | १००००० |
| ८९२ | दोभान युवा क्लव | १००००० |
| ९१९ | व्यासनगर व्याडमिन्टन क्लव | १५०००० |
| ९८६ | टाईगर ल्याण्ड युवा क्लव | ३०००० |
| १०१४ | पाश्चा नेवारी गुठी समाज | ७२०७८ |
| | जम्मा | ३२३८४२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सार्वजनिक सुनुवाईः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ। कार्यालयले देहायअनुसारको सार्वजनिक सुनुवाइको काम परामर्शदातालाई दिइ देहायअनुसार भुक्तानी गरेको छ। कार्यालयले नै गर्नुपर्ने यस्तो कार्यक्रम अन्य निकायवाट गराउनु उचित देखिएन। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><table><tr><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr><tr><td>एजेन्सीफर फेडेरल एण्ड लोकल डेभलपमेन्ट</td><td>१५०२९०</td></tr></table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>न्यायीक समितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको ४ र आ.ब. २०७८/७९ को थप २१ समेत २५ उजुरी/मुद्धा फछ्यौट गर्नुपर्नेमा यो आ.ब.मा ६ वटा मात्र फछ्यौट भई १९ उजुरी/मुद्धा फछ्यौट गर्न बाँकी रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा लगाई टुङ्ग्याउनु पर्दछ। साथै पालिकाले हाल सम्म ११० कानुन निर्माण गरेको छ। निर्माण गरेको कानुन कार्यान्वयनमा पालिकामा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br><br>पालिकाले यसबर्ष गत बर्षको अल्या रु. १८ करोड ८ लाख ३४ हजार र आन्तरिक आयबाट रु.१८ करोड ८ लाख ३ हजार समेत रु. १ अर्व ७७ करोड ८९ लाख १२ हजारको बजेट निर्माण गरेकोमा चालु तर्फ रु. ७३ करोड ७० हजार र पूँजिगत तर्फ रु. ४२ करोड ५८ लाख १९ हजार गरी जम्मा रु. १ अर्ब १५ करोड ५८ लाख ८९ हजार खर्च गरेको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.६४ प्रतिशत मात्र रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.१६ प्रतिशत चालु र ३६.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ। साथै आन्तरीक आयको स्रोतहरु पहिचान गरी आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। पालीकाले कुल पुँजीगत बजेटको तुलनामा ५५.९५ प्रतिशत खर्च गरेको छ। पुँजीगत खर्च रु. ४२ करोड ५८ लाख १९ हजार मध्ये तेश्रो चौमासीकमा ५२.९४ प्रतिशत र असार महिनामा मात्र २७.९५ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th colspan="2">कुल</th><th colspan="2">प्रथम चौमासिक</th><th colspan="2">दोश्रो चौमासिक</th><th colspan="2">तेस्रो चौमासिक</th><th rowspan="2">असार महिनाको खर्च</th></tr>
<tr><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>७६१०५८२६०</td><td>४२५८१९१४२</td><td>१६८६७५६००</td><td>७०३८५७१५</td><td>१९६८२७६००</td><td>१३००२३५९२</td><td>३८१०५५०६०</td><td>२२५४०९८३५</td><td>११९०३४८४८</td></tr>
<tr><td></td><td>५५.९५</td><td></td><td>१६.५३</td><td></td><td>३०.५३</td><td></td><td>५२.९४</td><td>२७.९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>बजेट मध्ये खर्च</th><th>कुल खर्च मध्ये खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>८९८८५०००</td><td>४९७४५९२८.१९</td><td>५५.३४</td><td>४.३०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>६३०३४९०००</td><td>५४७१५२५७४.१८</td><td>८६.८</td><td>४७.३४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | ६२५३०२२६० | ३३५८५१५०५.५ | ५३.७१ | २९.०६ |
| वातावरण तथा विपद् व्यवस्थापन | ३३१०००००० | २२३८७३११. | ६७.६ | १.९४ |
| संस्थागत विकास र सेवा प्रवाह | १५४५४००० | ९४०००८३. | ६०.८२ | ०.८१ |
| वित्तीय व्यवस्थापन र सुशासन | ६००००० | ३२२४५०. | ५३.७४ | ०.०३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | २२२७३८००० | १९१०२९६२४.३२ | ८५.७६ | १६.५३ |
| **जम्मा** | १६१७४२८२६० | ११५५८८९४७६.१९ | ६६.२५ | १००.०० |

पालीकाले कुल बजेटको तुलनामा ६६.२५ प्रतिशत मात्र खर्च गरेको छ भने खर्चको सबैभन्दा बढी अंश अर्थात ४७.३४ प्रतिशत सामाजिक विकासमा र सबै भन्दा कम अंश अर्थात ०.०३ प्रतिशत वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा खर्च गरेको छ। पालिकाको बस्तुस्थिति तथा आवश्यकता अनुसार बजेट विनियोजन तथा खर्च गर्नु पर्दछ।

१८

**दरबन्दी तथा पदपुर्तिको अवस्थाः**

पालिकाको दैनिक प्रशासनिक तथा विकासात्मक गतिविध संचालनको लागि दरबन्दी अनुसार पदपुर्ति हुनुपर्दछ। पालिका बाट प्राप्त विवरण अनुसार श्रेणी विहिन देखी प्रमुख प्रशासकिय अधिकृत सम्म २२० जनाको दरबन्दी रहेकोमा १९० पदपूर्ति भई ३० जनाको दरबन्दी रिक्त रहेको छ। जसको विवरण निम्नानुसार छ। दरबन्दी अनुसार पदपुर्ति नहुँदा पालिकाको कार्यसंचालनमा असर पर्दछ। दरबन्दी अनुसार पदपुर्तिको व्यवस्था गर्नुपर्दछ।

| क्रम संख्या | पद | दरबन्दी संख्या | पदपुर्ति | | | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकारबाट सरुवा | साविक स्थानीय निकायमा कार्यरत | लोकसेवाबाट नयाँ पदपूर्ति | करार सेवामा कार्यरत | जम्मा पदपूर्ति | |
| १ | प्र.प्र.अधिकृत | १ | १ | ० | ० | ० | १ | ० |
| २ | नवौ/दशौं | २ | ० | ० | ० | ० | ० | २ |
| ३ | सातौं | ६ | ० | ५ | ० | ० | ५ | १ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>छैटौं</td><td>४०</td><td>०</td><td>१४</td><td>२</td><td>९</td><td>२५</td><td>१५</td></tr>
<tr><td>५</td><td>पाँचौं</td><td>३२</td><td>०</td><td>१७</td><td>०</td><td>५</td><td>२२</td><td>१०</td></tr>
<tr><td>६</td><td>चौंथो</td><td>५९</td><td>०</td><td>११</td><td>६</td><td>३९</td><td>५८</td><td>१</td></tr>
<tr><td>७</td><td>तृतिय</td><td>४</td><td>०</td><td>३</td><td>०</td><td>०</td><td>३</td><td>१</td></tr>
<tr><td>८</td><td>प्रथम</td><td>१६</td><td>०</td><td>०</td><td>०</td><td>१६</td><td>१६</td><td>०</td></tr>
<tr><td>९</td><td>श्रेणी विहिन</td><td>६०</td><td>०</td><td>१७</td><td>०</td><td>४३</td><td>६०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२०</td><td>१</td><td>६७</td><td>८</td><td>११२</td><td>१९०</td><td>३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्चः<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची-६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १९ लाख ८१ हजार अनुगमन तथा मुल्यांकन तथा भ्रमण शिषर्कमा खर्च लेखेको छ तर दुरीको विवरण राखेको छैन। अनुगमन तथा भ्रमण खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवाप्रवाहः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले यस वर्ष जन्मदर्ता १८८५ वटा, मृत्युदर्ता ६५६ वटा, नाता प्रमाणित १६२५ वटा, वसाई सराई आएको ३५१ वटा र गएको २५६ वटा, नागरीकता सिफारिस २६०३ वटा, घरबाटो शिफारिस ३४२३ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **बार्षिक लक्ष्य तथा प्रगतिः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था। पालिकाले बार्षिक कार्यक्रममा पारी निम्नानुसार बजेट बिनियोजन भएका निम्नानुसार ११६ योजनाहरुको भौत्तिक प्रगती शुन्य रहेको छ। यसरी बार्षिक कार्यक्रम अनुसार योजना संचालन नगर्दा पालिकाको समग्र विकासमा असर पर्दछ। लक्ष्य अनुसार प्रगति हाँसिल हुने गरी योजना संचालन गर्नुपर्दछ। | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट रु. हजार मा |
|---|---|---|
| १ | बागेश्वरी मोटर मार्ग स्तरीकरण | १००० |
| २ | शेरा रामथुम्की मुक्तिनारायण मार्ग स्तरीकरण | १७०० |
| ३ | सडक वोर्ड नेपाल तर्फको योजना(न.पा.तर्फको | १५४८ |
| ४ | लागत सहभागिताका योजनाहरु (कोष२) | ५००० |
| ५ | कुलुङकोट खानेपानी योजना निर्माण | ५०० |
| ६ | मादी सेती बुल्दी घाट निर्माण मर्मत | २५०० |
| ७ | शहरी पूर्वाधार विकास तथा प्राविधिक शाखा कार्यक्रम | ५०० |
| ८ | कोट कालिका मन्दिर निर्माण | १००० |
| ९ | प्रदेश सरकार समपुरक, न.पा.तर्फको लागत | ५००० |
| १० | नारेश्वर ताल निर्माण | १०००० |
| ११ | आदिकवि भानुभक्त क्याम्पस पूर्वाधार निर्माण | ३००० |
| १२ | सूचना संचार प्रविधि कार्यक्रम | ५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १३ | फुलैफुलको बगैंचा सहित कोभिड स्मारक पार्क निर्माण | २२ |
| १४ | पाटन क्षेत्र बाटो स्तरीकरण | २००० |
| १५ | जनजाति भवन पछाडि पश्चिम साइडमा घुमाउने घर निर्माण | १०० |
| १६ | आदिकवी भानुभक्त क्याम्पसमा शौचालय निर्माण | २०० |
| १७ | दोभान क्लवको भवन ३० फुटे वाटो अगाडि वाल उठाइ सिंढी वाटो निर्माण | १०० |
| १८ | अम्रेनी टोलमा थानी माइको मन्दिर हुंदै डांडागाउ जाने वाटो निर्माण तथा ग्राभेल | १५० |
| १९ | गल्वुवेशी टोलको सृजनशिल मार्गमा पक्की नाला निर्माण | २०० |
| २० | डमौली टोलको मत्स्य मार्गमा पर्ने मिलन चोकवाट दक्षिण तर्फ अडमपानी टोल विकास संस्था जोड्ने सडक कालो पत्रे | २५० |
| २१ | उत्तरशीला टोल अन्तर्गत जुनकुमार श्रेष्ठको घरदेखि केरावारी झर्ने बाटोसम्म कालोपत्रे/पि.सि.सि | ३०० |
| २२ | दुर्गा मन्दिर परिशरमा अधुरो सामुदायिक भवन निर्माण | १००० |
| २३ | निमचोक र महर्षि चोकको १० फुटे बाटोमा स्ल्याव तथा दायाँवायाँ पि.सि.सि. ढलान | ५०० |
| २४ | पराशर टोल चौतारा पुनः निर्माण | १०० |
| २५ | १० फुटे बाटो सहित वडाभर सि.सि. टि.भी क्यामेरा विस्तार | ५०० |
| २६ | गोरखनाथ आश्रममा शौचालय तथा गौशाला निर्माण | १०० |
| २७ | निमचोक चौतारा पुनः निर्माण | १०० |
| २८ | सितलचोक सिम्रेनी क्रियापुत्री थलो मर्मत | १०० |
| २९ | कालिका मन्दिर फर्निचर व्यवस्थापन | १०० |
| ३० | क्रान्ती मार्गको अधुरो पि.सि.सि. ढलान | २५० |
| ३१ | पुलको मुखदेखि मानहुँ चोकसम्म सि.सि. क्यामरा जडान | २५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ३२ | नमूना वस्तीमा निर्माण हुन बाँकी पक्की बाटो र नाला विस्तार | २०० |
| ३३ | पृथ्वी राजमार्गबाट चनौटी- भ्याडीगाउँ मोटर मार्गमा पक्की नाला र ग्राभेल | ३०० |
| ३४ | पानम्दी-वराही- फासुर्दी-अलैचे बाटो ढलान र नाला सहित स्तरोन्नति | २०० |
| ३५ | सिन्धु मार्गदिखि उत्तर बोटेनी कुवा हुँदै माहेन्दी मार्ग जोड्ने बाटो खोल्ने | २०० |
| ३६ | पाटन खेलकुद मैदान निर्माण | २०० |
| ३७ | मुस्लिम समुदायको कवरस्थान तारवार तथा मदर्शामा मैदान निर्माण | २०० |
| ३८ | अम्रेनी रातमाटा टोल विकास संस्थाको भवन निर्माण | ३०० |
| ३९ | अलैचे खोला-सुन्दरदेवी मन्दिर-नागिलाहरुको कुल देवताको मन्दिरसम्मको बाटो विस्तार | १५० |
| ४० | कलावती मार्ग र देउराली भलायडाँडा खानेपानी ट्याङ्की जाने बाटो विस्तार | १५० |
| ४१ | निवुवाटारीबाट अर्वो जाने बाटो निर्माण | १५० |
| ४२ | जुडी ठूला खेत, ठूलाखेत, ढाड खेत, छबिसे, लामा खेत कुलो मर्मत | २५० |
| ४३ | तल्लो साँजा भिरपानीको पानी भयरथान उपल्लो ठाँटीमा खानेपानी विस्तार | २०० |
| ४४ | घोतघोते पधेरो, अमेली कुवा, कटुजे कुवा, कुसुम कुनाको कुवा मर्मत | १०० |
| ४५ | न्यौपाने बन्धु मन्दिर ट्रस्ट निर्माण | २५० |
| ४६ | मेलमिलाप आमा समूह भवन व्यवस्थापन | २०० |
| | | | नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। साथै कार्यान्वयन सुनिश्चितता वेगर नै बजेट खर्च गर्ने उद्देश्य मात्र राखी परामर्श सेवामा खर्च गरिनु औचित्य पुर्ण देखिदैन। पालिकाले डीपीआर गरेको अधिकांश आयोजनाहरु बजेट व्यवस्थापन हुन नसकी ठेक्का प्रकृया सुरु हुन सकेको छैन्। डिपिआर लाई नै आयोजना मान्ने र डिपिआर गर्नुलाई नै प्रगति मान्ने अवस्था आउन नदिन डिपीआर भएका आयोजनाहरुको सम्भाव्यता अध्ययन, लाभ लागत विश्लेषणको आधारमा बजेट व्यवस्थापन गरी आयोजनाहरु अगाडी बढाउनु पर्दछ। | |
| ४१.२ | | | **सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका विभिन्न योजनाको डि.पि.आर तथा अध्ययन कार्यको लागि ५ लाख भन्दा कमको ३ प्रति कोटेशन लिई परामर्शदाताकै दरमा भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर तथा अध्ययन कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेकोले पालिकाले आगामी दिनमा प्रतिस्पर्धा वेगर खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |
| ४१.३ | | | **वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न उच्च तहका जनशक्तिहरु मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु. ५५ लाख ३२ हजार थप व्ययभार परेको छ। पालिकामा उपलब्ध जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन। | |
| ४१.४ | | | **वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा पालिकाले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन। खरिद कानुनको पालना गर्नुपर्दछ। | |
| ४२ | | | **भवन निर्माणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले आफ्नो क्षेत्रको समग्र विकासको लागि स्थानिय आवश्यकता तथा प्राथमिकताको आधारमा उपलब्ध श्रोत साधनको उपयोग गर्नुपर्दछ। योजना छनौट तथा बजेट बिनियोजन गर्दा अधिकतम जनतालाई अधिकतम लाभ हुने तथा उत्पादन र उत्पादकत्व बढाउने प्रकृतिको योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ। पालिकाको आर्थिक बर्ष २०७८।७९ को योजना छनौट तथा कार्यान्वयनको प्रबृति निम्नानुसार छ। | |

| योजना/वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आमा समुह भवन संख्या | १ | १ | | ३ | | ३ | ८ | ३ | ६ | | | २ | १ | ३ | ३१ |
| बजेट | ५०० | ५०० | | ७०० | | २५० | ११४९ | ६०० | १०५० | | | ६४ | ६३० | २४०० | ७८४३ |
| खर्च | १६५ | ५०० | | ६९७ | | २४८ | ११२३ | ५९९ | ७८३ | | | ६४ | ६३० | २२०० | ७००९ |
| सामुदायिक भवन संख्या | १ | | १ | | ६ | ४ | ४ | ६ | ९ | ८ | १० | १० | १ | ३ | ६३ |
| बजेट | ४०० | | ५३६ | | १३०० | २९७० | ८१९ | १९०० | २१५० | ३४०० | ३९२५ | २६१० | २०० | १८०० | २२०१० |
| खर्च | ४०० | | ५३६ | | १२६६ | २३६० | ८१९ | १८६२ | १४७६ | २३४२ | ३८७३ | २५५० | २०० | ७९५ | १८४७९ |
| विद्यालय भवन संख्या | ६ | ८ | २ | ५ | ६ | ५ | ९ | २ | ५ | १० | ४ | ८ | ५ | ४ | ७९ |
| बजेट | २७१५ | १२६४२ | १००० | २१०३ | १६०० | १२३० | २७८० | ६०० | १०९० | १५१२ | ७२५ | १६७० | १०४२ | १०२५ | ३१७३४ |
| खर्च | २५६९ | ७३४७ | १००० | १४३२ | १०५८ | १२२२ | २३९१ | ५९१ | १०३६ | १५१२ | ४५७ | १६४९ | १०४२ | १०१२ | २४३१८ |
| अन्य (जातिगत तथा साम्प्रादायिक | ११ | ३ | ३ | | ७ | ७ | ७ | | | ६ | ६ | ३ | २ | ० | ५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भवनहरु लगायत) संख्या | | | | | | | | | | | | | | | |
| बजेट | १८७५ | ५३० | ११७८ | | १४५० | २००० | १७१२ | | | ३८७२ | २५०० | ४०० | ४०० | | १५९१७ |
| खर्च | १६७५ | ५१३ | ११६२ | | १४४९ | १७९२ | १७१० | | | ३८५५ | १८८३ | ४०० | ४०० | | १४८३९ |
| संचाई योजना संख्या | ३ | | | | २ | १७ | ४ | ९ | २२ | ४ | ७ | १२ | ७ | २ | ८९ |
| बजेट | १४० | | | | ७४२ | २३९६ | १७४१ | ५१० | २४२२ | ६० | १४४६ | १४१५ | ७५२ | १७९ | ११८०३ |
| खर्च | १४० | | | | ७४२ | २९ | १४५९ | ४९६ | २१५५ | ६० | १४४६ | १३८१ | ७५२ | १७९ | ८८३९ |
| सडक योजना संख्या | १९ | २३ | ८ | २० | १७ | ३९ | २७ | १८ | २० | ३७ | ५६ | ४० | ३५ | २२ | ३८१ |
| बजेट | ५२४३ | २१४२७ | ८९०५ | १३४१४ | ७७२८ | ११५४६ | २१९२८ | १३३४८ | ७२२४ | २३३५४ | ११४०६७ | १३५०५ | २२७६५ | ७२०० | २९१६५४ |
| खर्च | ५१२७ | १६१५५ | ४५७१ | ९६१९ | ६६१५ | ११०८८ | १९८९३ | ६६६५ | ६४८३ | २०५६३ | ७३१६५९ | १०४९६ | १८६२८ | ६९८४ | ८७४५४६ |
| कृषि योजना | | | | | | | | | | | १ | | | | १ |
| बजेट | | | | | | | | | | | १७१०० | | | | १७१०० |
| खर्च | | | | | | | | | | | ९८०० | | | | ९८०० |
| खानेपानी | १० | २ | १ | १ | १२ | ८ | १० | १३ | ११ | १२ | १८ | १८ | ४१ | ५० | २०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट | १३४५ | १३२ | ५८ | ७१५ | ३२०८ | ९८९ | ३२४२ | १२५१ | २३३४ | २१३३२ | १०३७१ | २५१७ | १८००३ | ४०३० | ६९५२७ |
| खर्च | १३४१ | १३२ | ५३ | ७१५ | २४३२ | ९८३ | २६३६ | १०४१ | १९७३ | १०२९८ | ७४७५ | २४३४ | ८९५९ | ३७६६ | ४४२३८ |
| अन्य | ५८ | २४ | ३७ | १७ | ३३ | ३७ | ३५ | २८ | ३४ | ६९ | ३२ | २७ | १९ | २१ | ४७१ |
| बजेट | १६३२३ | ७०८८ | ८५४९१ | ५६७५ | १६०१७ | ७७१४ | ४९१२ | ९६४२ | ४९३८ | २६६६२ | ६६८४ | ४०२० | ४२१२ | ५००८ | २०४३८६ |
| खर्च | १४०००० | ६६३३ | ३८०८२ | ५०३० | ९९९५ | ७२२५ | ४३०३ | ८८९८ | ३६२१ | २५५७० | ५२८४ | ३१३२ | ३९०१ | ४९९७ | १४०६७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.१ | | | पालिकाले यो बर्ष मात्र ११ वटा वडाका ३१ आमा समुह भवनको लागी रु. ७८ लाख ४३ हजार बजेट बिनियोजन गरी रु. ७० लाख ९ हजार, ६३ सामुदायिक भवनको लागी रु. २ करोड २० लाख १० हजार बजेट बनियोजन गरी १ लाख ८४ हजार, ५५ जातिय तथा साप्रदायिक भवनको लागी रु. १ करोड ५९ लाख १७ हजार बजेट बिनियोजन गरी १ करोड ४८ लाख ३९ हजार, ७९ विद्यालय भवनको लागी रु. ३ करोड १७ लाख ३४ हजार बजेट बिनियोजन गरी रु. २ करोड ४३ लाख १८ हजार खर्च गरेको छ। त्यस्तै ८९ सिंचाई योजनाको लागी रु. १ करोड १८ लाख ३ हजाार बजेट बिनियोजन गरी ८८ लाख ३९ हजार १ कृषि योजनाको लागी रु. १ करोड ७१ लाख बजेट बिनयोजन गरी रु. ९८ लाख खर्च गरेको छ। स्थानिय तह स्थापनाकाल देखि नै बजेट बिनियोजन तथा खर्चको प्रबृति यस्तै रहेको पालिकाले जनाएको छ। यसरी पालिकाको बजेट बिनियोजन तथा खर्चको प्रबृति विश्लेषण गर्दा उत्पादन र उत्पादकत्व बढाउने प्रबृतिका योजना भन्दा वितरणमुखी, उत्पादन र उत्पादकत्वमा असर नपार्ने काममा खर्च भएको देखिन्छ। बर्षमा बिरलै मात्र ढोका खोलिने आमा समुह भवन, सामुदायिक भवन तथा साम्प्रदायिक भवन निर्माणमा ठुलो मात्रमा बजेट खर्च भएको छ भने अधिकांश भवनहरु सम्पन्न भएका छैनन्। अर्को तर्फ एउटै गाउँ/टोलमा पनि आमा समुह भवन, सामुदायिक भवन तथा विभिन्न जात तथा साम्प्रदायको छुट्टा छुट्टै भवनको लागि बजेट बिनियोजन तथा खर्च गरी सिमित श्रोत साधनको अनुत्पादक रुपमा खर्च गरिएको छ भने कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता जनताको दैनिक जिविका तथा जिवनस्तर अभिबृद्धिको लागी प्रत्यक्ष सरोकार राख्ने योजनाहरुमा कम मात्रामा बजेट बिनियोजन भएको देखिन्छ। कुल खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.६४ प्रतिशत मात्र भएको पालिकाले यसरी उत्पादन र उत्पादकत्व अभिबृद्धिमा ध्यान नदिंदा पालिकाको दिगो विकासमा असर पर्दछ। अतः पालिकाको दिगो विकासको लागि शिक्षा, स्वास्थ्य, कृषि, सिचाई, खानेपानी जस्ता जनताका आधारभुत आवश्यकता परिपुर्ति गर्ने, दैनिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिवनलाई सहज बनाउने, जिवनस्तर अभिबृद्धि गर्ने, स्वोरोजगार तथा रोजगार सिर्जना तथा समग्र मानव विकासलाई योगदान गर्ने प्रकृतिका योजनाहरु छनौट गर्नुपर्दछ। | |
| ४२.२ | | | पालिकाबाट बजेट विनियोजन भई निर्माण भएका भवनहरुको अवस्था निम्नानुसार छ।     | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **सामाजिक सुरक्षा**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ मा सामाजिक सुरक्षा कार्यक्रमको लागी निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। नविल वैंकले सामाजिक सुरक्षा रकम वितरण गरि वांकी रहेको रु. ४०,०५७।०० फिर्ता नगरि वैंक मौज्दात राखेकोले स्थानिय तहले उक्त रकम वैंकवाट प्राप्त गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४०,०५७ |
| ४४ | | | **आन्तरिक लेखापरीक्षणः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरिक्षणले औल्याएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनभन्दा अगावै संपरीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुँदा सम्म फछ्यौट भएको छैन्। आन्तरिक लेखापरीक्षण प्रतिवेदनको व्यहोराहरुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र शैद्धान्तिक बेरुजू गरी छुट्याएर संक्षिप्त रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ। विस्तृत रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी तोकिए बमोजिम बेरुजू फछ्यौट गर्नुपर्दछ। | |
| ४४.१ | | | आन्तरिक लेखापरीक्षणबाट औल्याईएको सैद्धान्तिक व्यहोराहरु निम्नानुसार छन् । कतिपय विषयबस्तुहरु लगति बेरुजु उल्लेख गर्नुपर्ने भए पनि प्रतिवेदनमा पुरा विवरण उल्लेख नभएकोले रकम यिकन हुन सकेन् । आन्तरिक लेखापरीक्षणबाट औल्याईएको व्यहोराहरु आवश्यक अध्ययन गरी सुधार गर्नुपर्दछ। साथै आन्तरिक लेखापरीक्षले प्रतिवेदन दिँदा विषयवस्तुको बारेमा पुरा विवरण खुलाएर प्रतिवेदन तयार गर्नुपर्दछ। | |

| भौचर नं. | सैद्धान्तिक |
|---|---|
| १२६७ | तालिममा उपस्थितको संख्या भन्दा वढी खाजामा रकम भुक्तानी |
| १०२९ | ल्याव टेस्ट गराउँदा कार्यालयको प्रतिनिधी वेगर निर्माण व्यवसायीले गरेको ल्याव टेस्टको आधारमा भुक्तानी |
| ११७१ | भ्रमण खर्च मित्व्ययी नभएको |
| ११० | अनुगमन नगरी खर्च लेखेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८७६</td><td>विद्यार्थिलाई स्विटर वितरण गरेको प्रमाण पेश नभएको</td></tr>
<tr><td>८४५</td><td>सिधै खरिद गरेको</td></tr>
<tr><td>९६१</td><td>नौविसे कुलो संरक्षणको काम उपभोक्ताले कोटेशन मार्फत गरेको</td></tr>
<tr><td>६७</td><td>अनुगमन प्रतिवेदन पेश नभएको</td></tr>
<tr><td>६८५</td><td>फरक शिर्षकमा खर्च गरेको</td></tr>
<tr><td>२१</td><td>प्रतिस्पर्धात्मक खरिद नगरेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>असुल गर्नुपर्ने बेरुजूहरु संक्षिप्त रुपमा निम्नानुसार छ। विस्तृत रुपमा विवरण आवश्यक भएमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन हेरी सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>असुल गर्नुपर्ने</td><td></td></tr>
<tr><td>८८४</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>९९००</td></tr>
<tr><td>१२६७</td><td>कक्षा संचालनको वढी रकम भुक्तानी</td><td>९०००</td></tr>
<tr><td rowspan="6">७६६</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>१३१२</td></tr>
<tr><td>तमु समाज भवन निर्माण (कर कट्टी नगरी भुक्तानी)</td><td>२०००</td></tr>
<tr><td>जोगीमोडी मन्दिर निर्माण ( कर कट्टी नगरी भुक्तानी)</td><td>४८००</td></tr>
<tr><td>गैरीस्वारा ढाँड पातालटार टोल (कर कट्टी नगरी भुक्तानी)</td><td>३७५०</td></tr>
<tr><td>आदर्शटोल विकास संस्था (कर कट्टी नगरी भुक्तानी)</td><td>७०००</td></tr>
<tr><td>माफटोल व्यास छ (कर कट्टी नगरी भुक्तानी)</td><td>३०८०</td></tr>
<tr><td>३२६</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>१५२५</td></tr>
</table>
</td><td>५६,६७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२०</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>२२००</td></tr>
<tr><td>७६६</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>१३१२</td></tr>
<tr><td>८८४</td><td>कर कट्टी नगरी भुक्तानी</td><td>१०८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६६७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>नियमित गर्नुपर्ने बेरुजूको संक्षिप्त व्यहोरा निम्नानुसार छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी तोकिए बमोजिम नियमित गराउनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११७५</td><td>सुचिकृत नभएको फर्मवाट सोझै खरिद</td><td>४९५४९९</td></tr>
<tr><td>२९८, ३१९, ३३६, ३७२</td><td>सोझै खरिद</td><td>७३५८९६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२३१३९५</td></tr>
</table>
</td><td>१,२३१,३९५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>योजना छनौट तथा कार्यान्वयनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमा आधारित योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला तथा माग र आवश्यकताका आधारमा योजना छनौट गरि कार्यान्यवन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।
<table>
<tr><th>क सं</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमका योजना</td><td>६२३</td><td>३८०३०१४०</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>७१२</td><td>१९२००५९३४</td></tr>
<tr><td>३</td><td>रु ५ लाख एक देखि १० लाख सम्मका योजना</td><td>८८</td><td>६८८३७७५३</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>८३</td><td>१७८८८१५८१</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१५</td><td>२११५१५१०७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५२१</td><td>६८९२७०५१५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
उपभोक्ता समितिबाट रोजगारी सिर्जना नहुने कामः<br><br>
सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था छ। साथै स्थानिय श्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिबृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिबृद्धि गर्ने उदेश्यले योजना संचालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ। जसको उदाहरण निम्नानुसार छ। यसबाट उपभोक्ता समितिबाट काम गराउनुको उद्देश्य पुरा हुँदैन्। स्थानिय श्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिबृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिबृद्धि हुने प्रकृतिको योजनाहरुमा मात्र उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ।
<table>
<tr><th>भौचर नं.</th><th>योजनाको नाम</th><th>बजेट</th><th>कार्य सम्पन्न</th><th>भुक्तानी</th><th>खरिद/डोजर बिल</th></tr>
<tr><td>२०७/२०७८/७/१७</td><td>बालमाटा पनितडाँडा मोटरबाटो निर्माण</td><td>३०००००</td><td>३४४०३५</td><td>२८३६३७</td><td>३४४०३५</td></tr>
<tr><td>३४०/२०७८/९/८</td><td>गरौदी मोटर मार्ग</td><td>२०००००</td><td>२३३१९८</td><td>१९००००</td><td>२३३१९८</td></tr>
<tr><td>४९४/२०७८/१०/१७</td><td>राजापानी ऐतिहासिक मोटरमार्ग</td><td>१००००००</td><td>१०१३०५०</td><td>९६००००</td><td>१०१३०५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५६९/२०७८/११/१</td><td>सन्सारी माई कृषि मोटर मार्ग</td><td>५०००००</td><td>६०२२११</td><td>४७५०००</td><td>६०२२११</td></tr>
<tr><td>७२६/२०७८/१२/४</td><td>बेनीकोट भन्ज्याङ रिङरोड कृषि मार्ग</td><td>३९००००</td><td>४३१२२४</td><td>३७०५००</td><td>४३१२२४</td></tr>
<tr><td>७७३/२०७८/१२/९</td><td>सिमलटार रिङरोड ग्राभेल</td><td>५०००००</td><td>५५८९४५</td><td>४७५०००</td><td>५५८९४५</td></tr>
<tr><td>१०८४/२०७९/२/१९</td><td>कुईलेनी कालिका समिफेदी मोटर मार्ग</td><td>१२०००००</td><td>१३३६२३०</td><td>११००३७८</td><td>१३३६२३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
उपभोक्ता समितीवाट खरिद तथा भुक्तानीः
सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था छ। नमुना छनौट गरी परिक्षण गर्दा निम्नानुसार खरिद कार्य उपभोक्ता समितिबाट गराई पालिकाले निम्नानुसार रकम भुक्तानी गरेको पाईयो। यसरी कार्यलयवाट सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम लागत अनुमान तयार गरी प्रतिष्पर्धात्मक तवरले खरिद गरी उपभोक्ता समितीलाई सामाग्री उपलव्ध गराउनुपर्नेमा उपभोक्ता समितीले पेश गरेको विलको आधारमा भुक्तानी दिई खर्च लेखेको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>भौचर नं.</th><th>उपभोक्ता समिति</th><th>खरिदको विवरण</th><th>रकम</th></tr>
<tr><td>७१२/२०७८/१२/४</td><td>मेववारी खानेपानी लिफ्टिङ मोटर खरिद</td><td>मोटर खरिद</td><td>२३७५००</td></tr>
<tr><td>२०/२०७८/५/१९</td><td>सांगे पतेनी जल उपभोक्ता समिति</td><td>पाईप खरिद</td><td>५६५७२१</td></tr>
<tr><td>१८२/२०७८/७/११</td><td>दुधेपानी आशिसगैह्रा खानेपानी</td><td>पाईप खरिद</td><td>२९५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०९८२२१</td></tr>
</table>
</td><td>१,०९८,२२१</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>उपभोक्ताको योगदान नरहेकोः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>साना तथा आधुनिक सिँचाइ कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद-३ को दफा ४ मा कम्तीमा १५% योगदान लाभग्राहीको हुनुपर्ने उल्लेख छ। कार्यालयले देहायअनुसार काम गरेकोमा लाभग्राहीको योगदान कम भएकोले कम भएको योगदान रकम असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>गो.भौ.न.</th><th>फर्म तथा समुहको नाम</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी दिनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>५०१</td><td></td><td>७५०००</td><td>६३७५०</td><td>७५०००</td><td>११२५०</td></tr>
<tr><td>५१३</td><td></td><td>७५०००</td><td>६३७५०</td><td>७५०००</td><td>११२५०</td></tr>
<tr><td>५२८</td><td>कृष्ण मल्लको सिँचाई कार्यक्रम</td><td>७५०००</td><td>६३७५०</td><td>७५०००</td><td>११२५०</td></tr>
<tr><td>५२९</td><td>बाहविशे पराशर टोल विकास संस्था</td><td>७४२५४</td><td>६३११६</td><td>७४२५४</td><td>१११३८</td></tr>
<tr><td>५३०</td><td>बाहविशे पराशर टोल विकास संस्था</td><td>७२५१४</td><td>६१६३७</td><td>७२५१४</td><td>१०८७७</td></tr>
<tr><td>५४१</td><td>शिशाघाट टोल विकास संस्था</td><td>७५०००</td><td>६३७५०</td><td>७५०००</td><td>११२५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६७०१५</td></tr>
</table></td><td>६७,०१५</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कर्मचारीलाई आवास सुविधाः<br><br>नेपाल सरकारको तलवमान अन्तर्गत कर्मचारीहरुलाई आवास तथा ईन्टरनेट सुविधा दिने व्यवस्था रहेको छैन। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउने, ऐनको अधिनमा रही निर्देशिका, कार्यविधि, तथा मापडण्ड बनाउन सक्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यापालिकाबाट पट्के रुपमा निर्णय गराई विभिन्न ९ कर्मचारीहरुलाई आवास सुविधा उपलब्ध गराई रु.६,९५,५००।०० खर्च लेखेको छ। नगरपालीकाले घरधनीसँग सम्झौता गरी कर पछिको रकम घरधनीलाई भुक्तानी गरेको छ। पालिकाले नगरपालिका भन्दा टाढा घर भएका र कार्यालय समय भन्दा बाहिर समेत काम गर्नुपर्ने शाखाका कर्मचारीहरुलाई कार्यबोझको आधारमा आवास सुविधा उपलब्ध गराएको जनाएको छ। यसरी कार्यविधिको व्यवस्था नगरी पटके निर्णयको आधारमा खर्च गर्दा अनियमितता तथा आर्थिक अनुशासनहिनता बढ्ने संभावना रहन्छ। नगरपालीकाको आन्तरिक आम्दानीको अवस्था, खर्चको आवश्यकता, सान्दर्भिकता र</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सो को उपलब्धीको विश्लेषण गरी कार्यविधिमा व्यवस्थित गरी खर्च गर्नुपर्दछ। कार्यविधिमा व्यवस्था नगरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु.</td><td>६९५,५००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अल्ट्रा म्याराथन प्रतियोगिताः<br><br>कार्यालयले खर्च गर्दा मितव्ययी हुने किसिमले गर्नुपर्दछ। पालिकाले अल्ट्रा म्याराथुन प्रतियोगिताको लागी प्रत्यक्ष खर्च रु.१८ लाख ७५ हजार गरेको छ। खर्चमा यातायात व्यवस्थापनमा रु. २ लाख २९ हजार, टिसर्ट, टोपी सामग्री आदिमा ४ लाख ९३ हजार, प्रचार प्रसारमा १ लाख ८६ हजार, खाजा खानामा रु.५ लाख ३१ हजार, पुरस्कारमा ३ लाख ५८ हजार र विविधमा ७८ हजार खर्च भएको देखिन्छ। त्यस्तै हाफ अल्ट्रा म्याराथन प्रतियोगिताको लागी प्रत्यक्ष खर्च रु.५ लाख खर्च गरेको छ। खर्च मध्ये टोपी खरिदमा रु. २ लाख र टिसर्ट खाना खाजा आदिमा रु. ३ लाख खर्च गरेको देखिन्छ। यसको साथसाथै पदाधिकारीहरुको यातायात लगायतमा अप्रत्यक्ष खर्च पनी हुने देखिन्छ। सामग्री खरिद, प्रचारप्रसार, खाजा खाना आदिमा ठुलो रकम खर्चमा भएको छ। खर्च नियन्त्रणमा पर्याप्त ध्यान नपुगेको देखिन्छ। खाना तथा खाजाको खर्चमा संख्या तथा दर एकिन गरेर लागत अनुमान तयार नगरी खर्च गरेको छ। यस प्रकारको कार्यक्रमको खर्च नियन्त्रण गरी मितव्ययी रुपमा कार्यक्रम संचालन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भान्से सुविधाः<br><br>गण्डकी प्रदेश सरकारले जारी गरको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६मा पालिका नगरपालिका प्रमुख तथा उपप्रमुखलाई निजी भान्से राख्न पाउने सुविधा छैन।पालिकाले नगरप्रमुख तथा उपप्रमुखको भान्से भनी देहाय अनुसारका व्यक्तिहरुलाई नियुक्ती गरी मासिक रु.१८५००।०० का दरले तलव भत्ता तथा वार्षिक सालवसाली रुपमा रु. १००००।०० पोशाक भत्ता उपलब्ध गराउने गरी खर्च लेखेको पाइयो। यसरी ऐनमा भएको व्यवस्था विपरीत खर्च गरेको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>नाम</th><th>मासिक रकम</th><th>वार्षिक रकम</th></tr>
<tr><td>विनोद राना</td><td>१८५००</td><td>२४०५००</td></tr>
<tr><td>तिल माया थापा</td><td>१८५००</td><td>२४०५००</td></tr>
</table></td><td>४८१,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| ४८१०००।०० | |
| ५२ | | | **कार्यपालिका सदस्यलाई वढी भुक्तानीः**<br><br>*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.३२९३५।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५३ | | | **प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउँदा कार्यविधि बनाई कार्यसम्पादनको आधारमा उपलब्ध गराउनु पर्दछ। पालिकाले यो बर्ष कर्मचारी प्रोत्साहन बापत स्थायी कर्मचारी तर्फ रु. २२ लाख १६ हजार र करार सेवामा कार्यारत कर्मचारी तर्फ रु. १३ लाख ६२ हजार गरी जम्मा रु. ३५ लाख ७८ हजार खर्च गरेको छ। तर प्रोत्साहन रकम भुक्तानी गर्दा मापदण्ड/ कार्यविधि नबनाई कार्यपालीकाको निर्णय अनुसार मासिक रुपमा एकमुष्ट उपलब्ध गराउने गरेको छ। यसरी एकमुष्ट रकम उपलब्ध गराउँदा कर्मचारी उत्प्रेरणा तथा उत्पादकत्वमा बृद्धि हुँदैन्। प्रोत्साहन भत्ता वितरणको लागी आवश्यक कार्यविधि तर्जुमा, कार्यसम्पादन मापन सुचकहरु निर्धारण, कर्मचारीहरुलाई सोको जानकारी, आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था, सुचकको आधारमा कार्यसम्पादन मुल्यांकन गरी प्राप्त नतिजाको आधारमा मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्दछ। | |
| ५४ | | | **नगर विकास कोषको ऋणः**<br><br>पालिकाले नगर बिकास कोष सँग मिति २०७३।१।२६ मा सम्झौता गरी बहुउद्देश्यीय भवन निर्माणको लागि कोषबाट दुई पटकमा रु.१० करोड १३ लाख ७४ हजार सरल ऋण १८ बर्षमा ३६ किस्तामा भुक्तानी गर्ने गरी लिएको छ। उपरोक्त ऋण मध्ये रु.४ करोड ३३ लाख २३ हजारको वार्षिक ब्याजदर ८ प्रतिशत र रु.५ करोड ८० लाख ५१ हजारको वार्षिक ब्याज दर ५.५ प्रतिशत रहेको छ। पालिकाले २०७९ असार मसान्त सम्म ९ किस्तामा साँवा रु. ४ करोड ९ लाख ५६ हजार र ब्याज रु. २ करोड २० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाख ३१ हजार गरी कुल रु. ६ करोड २९ लाख ८७ हजार भुक्तानी गरेको छ भने रु. ६ करोड ४ लाख ४१ हजार सावाँ बाँकी रहेको छ। पालिकाले बर्ष निम्नानुसार सावाँ र ब्याज गरी रु. ९७ लाख भुक्तानी गरेको छ भने निर्मित भवनको आंशिक भाग व्यापारीक प्रयोजनको लागि भाडामा लगाई रु. ९६ लाख ८ हजार आम्दानी गरेको छ। पालिकाले ऋणको सावाँ ब्याज भुक्तानीको अभिलेख राखेको छैन र नगर विकास कोषले पठाएको पत्रलाई आधार मानी सावाँ तथा व्याज भुक्तानी गरीरहेको छ। ऋण लिँदा लागत लाभको यथोचित विश्लेषण गर्नुपर्दछ। साथै सावाँ तथा ब्याज भुक्तानीको अभिलेखलाई ब्यवस्थित बनाउनु पर्दछ। | |

**नगर विकास कोष ऋण भुक्तानी विवरण आ.व. २०७८/०७९**

| मिति | सावा | व्याज | जम्मा |
|---|---|---|---|
| २०७८।०९।२९ | २९१८२३१.३१ | २०,८१,७६८.६९ | ५,०००००0.00 |
| २०७९।०३।१५ | २७१७५५१.८२ | १९८२४४८.१८ | ४,७००,०००.०० |
| **जम्मा** | **५६,३५,७८३.१३** | **४०,६४,२१६.८७** | **९७०००००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **अवलोकन भ्रमणः**<br><br>पालिकाले उपलब्ध श्रोत साधानको अधिकतम परिचालन गर्नुपर्दछ। पालिकाले जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारीहरुको अवलोकन भ्रमणमा निम्नानुसार २८ लाख ५६ हजार खर्च गरेको छ। खर्च गर्दा गण्डकी प्रदेश सरकारले तर्जुमा गरेको पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन तथा भ्रमण खर्च नियमावली, २०६४ को पालना भएको छैन्। गाडी भाडामा समेत एकरुपता छैन्। कानुनी आधार बेगर अनियन्त्रित रुपमा एकमुष्ट खर्च गरेको र भने भ्रमणको मुख्य उद्देश्य घुमघाम मात्र देखिन्छ। पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन तथा भ्रमण खर्च नियमावली, २०६४ लाई आधार लिँदा निम्नानुसार १२ भ्रमणको लागि रु. १८ लाख ९८ हजार खर्च गर्नुपर्नेमा रु. २८ लाख ५६ हजार खर्च गरेकोले नगरपालीकालाई रु. ९ लाख ५८ हजार बढी व्ययभार परेको छ। कानुनमा तोकीएको भन्दा बढी खर्च गरेको रकम सहभागीहरुबाट असुल गर्नुपर्ने रु. | ९५७,६४२ |

| भौ नं | विवरण | खर्च रकम | खर्च | बढी खर्च | कैफियत |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | गाडि भाडा | TADA | खर्च गर्न पाउने रकम | | |
|---|---|---|---|---|---|---|---|
| १५७६ | जननिर्वाचित पदाधिकारी (४ जना), कर्मचारी, टोल विकास संस्थाका अध्यक्षहरु (२५ जना) | २५०००० | ७५००० | ८१००० | १५६००० | ९४००० | TADA:पदाधिकारी रु. १५००, अन्य रु. १२०० |
| ३३७ | अगुवा कृषकहरुको अवलोकन भ्रमण | १८२५८० | ६०००० | ६९००० | १२९००० | ५३५८० | TADA: रु.१२०० |
| ५२९ | वडा नं १२ को अवलोकन भ्रमण | २४७९३५ | ९०००० | ६९००० | १५९००० | ८८९३५ | TADA: रु.१२०० |
| ६१५ | वडा नं ६ को अवलोकन भ्रमण | २३४५८० | ९०००० | ६९००० | १५९००० | ७५५८० | TADA: रु.१२०० |
| ७१५ | अवलोकन भ्रमण पे.फ.तिल कुमारी शाही | ३३१००० | ८०००० | ८६४०० | १६६४०० | १६४६०० | TADA: रु.१२०० |
| ८१३ | जनप्रतिनिधीहरुको ५ दिने आन्तरिक तथा बाह्य भ्रमण | ६९५८३७ | ८५००० | ४८६६२५ | ५७१६२५ | १२४२१२ | TADA:पदाधिकारी रु. १५०० |
| ८५१ | वडा सचिव पम्फा थापा बस्नेत पे.फ. (३ दिने अवलोकन भ्रमण) | ३१५००० | ७५००० | ९७५०० | १७२५०० | १४२५०० | TADA: रु.१२०० |
| ९१७ | वडा नं ३ को ५ दिनको अवलोकन भ्रमण | ३००००० | ६०००० | १३३८७५ | १९३८७५ | १०६१२५ | TADA:पदाधिकारी रु. १५००, अन्य रु. १२०० |
| ९८४ | ३ दिने अवलोकन भ्रमण पे.फ.पुष्पराज आचार्य | २९९२१० | ११५५०० | ७५६०० | १९११०० | १०८११० | TADA: रु.१२०० |
| | जम्मा | २८५६१४२ | ७३०५०० | ११६८००० | १८९८५०० | ९५७६४२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **नगरसभा खर्चः**<br><br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा पदाधिकारी तथा सदस्यले उक्त ऐनमार्फत तोकिएको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था भएकोमा पालिकाले भौ नं १०५१।०७९।१।६ वाट नगरसभामा उपस्थित पदाधिकारी सदस्यलाई उपलव्ध गराउने गरी ५७ वटा व्याग खरिद गरी रु.२१०९००।०० खर्च लेखेको छ। यसरी पदाधिकारी तथा सदस्यलाई ऐनले तोकेको वाहेक अन्य सुविधा दिन नमिल्नेमा जिन्सी सामाग्री खरिद गरी वितरण गरेको रकम अनियमित देखिएको रु. | २१०,९०० |
| ५७ | | | **परामर्श सेवाः**<br><br>नगरपालिकाले यस वर्ष तपसिलका कार्यका लागि विभिन्न परामर्शदातासँग सम्झौता गरी देहायअनुसारको परामर्श खर्च लेखेको छ। | |

| गो.भौ.न.।मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ८४५।२०७८।१२।५ | रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी | ४९८३३० |
| ७६१।२०७८।११।८ | रियल इम्प्याक्ट डिजाइन सोलुसन | २९९४९७ |
| ६२१।२०७८।१०।११ | संस्कार सोलुसन प्रा.लि. | २४९९५६ |
| ६१९।२०७८।१०।११ | पोखरा सोयल टेस्टिङ्ग एण्ड ईन्जिनियरीङ्ग सर्भिस | ४९९९४० |
| १२१६।२०७९।२।१७ | डिलाईट मल्टिसेक्टर कन्सल्टेन्सी | २९७२०० |
| १२११।२०७९।२।१७ | मुस्ताङ्ग ईन्जिनियरीङ्ग कन्सल्टेन्सी | ३९५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **साझेदारी बिकास कोषः**<br><br>नगरपालिकाले पेश गरेको गाउँ नगर साझेदारी कोषको विवरण अनुसार अल्या रु.९२ लाख ८२ हजार र यस वर्ष आम्दानी रु.१ करोड २४ लाख ६२ हजार सहित जम्मा आय रु.२ करोड १७ लाख ४३ हजार मध्ये रु.१ करोड २८ लाख ७६ हजार ऋण लगानी गरी रु. ८८ लाख ६८ हजार वैंक बाँकी रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>व्यास नगरपालिका साझेदारीकोष स्थानीय स्वायत शासन नियमावली, २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका साझेदारी विकास कोष (स्थापना तथा संचालन) विनियमावली २०६१ तर्जुमा गरेको देखिएकोले यसलाई स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार परिमार्जन गरिनुपर्दछ।</li>
<li>प्राप्त हुने बाँकी सावाको ब्याज स्पष्ट देखिने गरी हिसाव राख्नुपर्नेमा ब्याज प्राप्ति विवरण हिसाव गरी उल्लेख गरिएको देखिएन।</li>
<li>यस कोषको उद्देश्य लक्षित समुदायको जीवनस्तर सुधार ल्याउन शहरी समाज परिचालन प्रक्रिया मार्फत जीवनस्तरमा सुधार ल्याउन शहरी समाज प्रक्रिया संचालन मार्फत जीवन स्तरमा सुधार ल्याउन शहरि शुशासन तथा जनसहभागिता प्रवर्द्धन गरी आर्थिक सामाजिक विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्दै गरीवि निवारणका लागि मद्दत गर्ने रहेकोमा यस कोषवाट भएको ऋण लगानीमा तिर्नुपर्ने ब्याजदर समसामयिक एवं सहुलियतपुर्ण बनाउनुपर्दछ।</li>
<li>यस नियमावलीको २९(६) मा ऋण लिने टोल विकास संस्थाले कोष सँग गरेको सम्झौता वा साझेदारी सम्झौतामा उल्लेख भए वमोजिमको भाखाभित्र ऋण रकमको सावाँ ब्याज तथा सम्झौतामा तोकिएको शर्त अनुसार अन्य सेवा शुल्क बुझाईसक्नुपर्ने र सम्झौतामा तोकिएको भाखा नाघेमा आवश्यकता अनुरुप टोल विकास संस्थाले हर्जाना समेत तिर्नुपर्ने भन्ने व्यवस्था छ। प्राप्त हुनुपर्ने ब्याज समेतको हिसाव राख्ने गरी स्रेस्ता राखेको पाईएन।मिति २०५७।७।६ देखि हालसम्म भाका नाघेको सावाँ रु. ८१७१७५२ र सोमा नियमानुसार लाग्ने ब्याज र हर्जना सहित असुल हुनुपर्ने रू.</li>
</ul>
<table>
<tr><th>सि.न.</th><th>उद्यम समुहको नाम</th><th>लगानी मिति</th><th>वडा नं</th><th>उद्यम अध्यक्षको नाम</th><th>वाँकी रकम २०७९ असार मसान्तसम्म</th></tr>
<tr><td>१</td><td>पूरानोडिही रातामाटा</td><td>०५७।७।६</td><td>४</td><td>परानोडिही</td><td>१५००</td></tr>
<tr><td>२</td><td>अर्जुन लेदर गार्मेन्ट</td><td>०५७।१०।२४</td><td>२</td><td>अर्जुन सुनार</td><td>२००००</td></tr>
<tr><td>३</td><td>वि.पि.भन्ज्याङ्ग खुद्रा व्यापार</td><td>०५८।२।८</td><td>९</td><td>पार्वती साही</td><td>२४६००</td></tr>
<tr><td>४</td><td>हरी ऊँ तरकारी समुह</td><td>०५८।३।७</td><td>११</td><td>रेवती रमण पौडेल</td><td>७५९४</td></tr>
</table>
</td><td>८,१७१,७५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नमूना तरकारी | ०५८।७।१७ | ११ | मिठू शाक्य | ४९८८ |
| ६ | बराहखोला तरकारी फलफूल | ०५८।१२।१ | ३ | उजेली रोक्का | १०३८१ |
| ७ | माइथुम्का सिलाई उद्यम | ०६४।४।१४ | ९ | रमा गिरी | २४३ |
| ८ | कोकलडाँडा खसिबोका खरिद | ०६३।९।५ | ३ | शन्त कुमार तामाङ | ६४९१ |
| ९ | व्यास खुद्रा तरकारी | ०६३।९।५ | ३ | सपना कँडेल | ४४८२० |
| १० | अलैंचे बाखा पालन | ०६५।३।१६ | ७ | दिन ब.थापा | १८९७३ |
| ११ | हिमपानी राँगा भैसी खरिद | ०६२।६।१६ | ५ | धन ब.माझी | ५६८१ |
| १२ | हिमपानी किराना पसल | ०६२।६।१६ | ५ | पूर्ण ब.दरै | २८१४ |
| १३ | रामदास बाखा पालन | ०६५।८।१६ | ३ | दुर्गा माया गुरुङ | ४६७४ |
| १४ | सृजनशिल मैनबत्ति | ०६६।४।९ | १ | मन कुमारी वि.क. | १०५० |
| १५ | मिलिजुली खसि बोका | ०७३।२।१६ | १३ | देव बहादुर श्रेष्ठ | २४६४५ |
| १६ | बेतनी बंगुर पालन | ०६९।६।१४ | ५ | केशर ब.थापा | १०२६५ |
| १७ | व्यामार्ग टोल विकास | ०७२।३।७ | ४ | मोतिलाल श्रेष्ठ | १८८६९३ |
| १८ | सृजनामार्ग टोल | ०७२।२।२ | ३ | प्रेम कुमार श्रेष्ठ | ९५०८२ |
| १९ | नयाँवस्ती टोल | ०७३।८।२६ | १० | जित ब.गुरुङ | १३५९६८ |
| २० | नवजागरण टोल विकास संस्था | ०७५।२।३१ | २ | राज कुमार श्रेष्ठ | ११९९५ |
| २१ | पुलचोक टोल विकास संस्था | ०७५।६।७ | ३ | नेत्र बहादुर थापा | २४९९८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२</td><td>केशवटार टोल विकास संस्था</td><td>०७८।६।१३</td><td>१४</td><td>रमेश सुनार</td><td>२४९९९५</td></tr>
<tr><td>२३</td><td>वोटेगाउँ टोल विकास संस्था</td><td>०७६।३।११</td><td>१०</td><td>होम बहादुर बोटे</td><td>३४७१५५</td></tr>
<tr><td>२४</td><td>दुम्सिचौर टोल विकास संस्था</td><td>०७६।३।२२</td><td>१०</td><td>चेत बहादुर दरै</td><td>२५६८४९</td></tr>
<tr><td>२५</td><td>हाईस्कुलटार टोल विकास संस्था</td><td>०७६।८।१५</td><td>१२</td><td>सहविर उचाङ्ग</td><td>१००००००</td></tr>
<tr><td>२६</td><td>वेलधारी टोल विकास</td><td>०७८।६।१३</td><td>१२</td><td>गणेश राज पन्थ</td><td>२४९९९८</td></tr>
<tr><td>२७</td><td>वेलवास पुरुवा चौतारा</td><td>०७८।६।१३</td><td>१३</td><td>सकुन्तला तिवारी</td><td>२४९५६०</td></tr>
<tr><td>३१</td><td>संगम टोल विकास</td><td>०७८।६।१३</td><td>५</td><td>केशव ब.थापा</td><td>२२१७९७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८१७१७५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td>१००७</td><td></td><td>मेयर/उपमेयरकप खेलकुद प्रतियोगिताः<br><br>पालिकाले मेयर/उपमेयर कप अन्तर मा.वि.छात्राछात्र खेलकुद प्रतियोगितामा रु.५ लाख खर्च गरेको छ। खेलकुद प्रतियोगितामा सहभागीको विवरण नभएको र खर्चको ठुलो रकम खाजा खानाको विल पेश भएको छ। वढी खर्च भएको शिर्षक पुरस्कारमा रु.१ लाख ७१ हजार खेलकुद तथा पोषाक सामाग्रीमा रु.१ लाख ४६ हजार र रेफ्री भत्तामा रु.४८ हजार खर्च भएको छ। मेयर/उपमेयरकप खेलकुद कार्यक्रममा ठूलो रकम खर्च भएकोमा सामाग्री खरिद जस्ता खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन। यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>आफैले गर्न सक्ने काम अरुवाट गराएकोः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुने नसक्ने स्थितिमा मात्र परामर्श सेवा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफैले गर्नुपर्ने काम समेत अन्य संघ संस्थावाट गराइ विभिन्न रकम खर्च लेखेको छ। यसको उदाहरणहरु देहाय वमोजिम रहेका छन। कार्यालयले आफै गर्न नसक्ने कार्यमा मात्र परामर्श सेवा लिइ कार्य सञ्चालन गर्नुपर्दछ। | |

| गो.भौ.न.।मिति | विवरण | परामर्शदाता | रकम |
|---|---|---|---|
| ३२३।२०७९।२।१६ | हिंसा पिडित महिला तथा किशोरी अल्पकालिन सेवा केन्द्र | मादी गंगा महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | ५००००० |
| १२३७।२०७९।२।१८ | शुन्य पोलिथीन व्यास नगरपालिका घोषणा | ग्रिन हाउस क्रियशन प्रा.लि. | १९९८९७० |
| ९४४।२०७८।१२।११ | महिलाहरुको लागी पाठेघरको मुखको क्यान्सर तथा स्तनक्यान्सर परीक्षण | सिर्जनशिल दिदी बहीनी समुह | १५०००० |
| १८६।२०७८।६।२२ | सपिङ झोला सिकाई तालिम | सिन्धु आमा समुह | १००००० |
| १०६०।२०७९।१।१५ | मुडा बुनाई तालिम खर्च | व्यास युवा क्लव | १५०००० |
| १०७२ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | नेपाल कराँते महासंघ तनहुँ। | ३००००० |
| जम्मा | | | ३१९८९७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | ७६३ | | **गौ संरक्षण समितिलाइ भुक्तानीः**<br><br>नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार गौ संरक्षणको लागि वजेट व्यवस्था गरी पराल खरिदको लागी रु. १ लाख ६५ हजार र गाई हेरालुको तलबको लागी रु. ५ लाख १ हजार गरी जम्मा रु. ६ लाख ६६ हजार खर्च गरेको छ। गाउँघर/ सहरबजारमा छाडा रुपमा छोडिएको गाईलाई संरक्षण गर्नको लागी पालिकाको वडा नं. १० स्थित सार्वजनिक चौरमा पुर्वाधार निर्माण गरी समिति मार्फत गाई संरक्षणको काम गरिरहेको पालिकाले जनाएको छ। यसरी गाई पालन उत्पादन हुने दुध, गोरब मल तथा गहुँतबाट हुने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आम्दानीको सम्बन्धमा पालिकाले आवश्यक चासो राखेको छैन्। संरक्षणको कामलाई आम्दानी र व्यवसायीकरणसँग जोड्ने र व्यवसायीक बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ६२ | | | **विद्युतको बिल भुक्तानीमा जरिवानाः**<br><br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २७ मा ठिकसँग लेखा नराखेको कारण प्रदेश सरकारलाइ कुनै हानी नोक्सानी भएमा सो को क्षतिपुर्ति जिम्मेवार व्यक्तीवाट सरकारी वाँकी सरह असुल गर्ने भन्ने उल्लेख छ। पालिकाले विद्युतिय महसुल समयमा भुक्तानी नगरेको कारण रु.७३,५२९।०० जरिवाना तिरेको छ। उक्त भुक्तानीमा समयमा वुझाएमा उल्टो २० प्रतिशत छुट पाउने अवस्थामा यसरी जरिवाना तिर्ने गरी ढिला गरी विद्युत महशुल वुझाउनु उचित देखिएन। पालिकाले आगामी दिनमा समयमै विद्युत महशुल तिर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६३ | १००३ | २०७८-१२-२१ | **अन्य प्रयोजनमा खर्चः**<br><br>कार्यालयले रकम खर्च आफ्नो क्षेत्राधिकार भित्र रही क्रियाकलाप सन्चालन गर्ने तथा विकास निर्माणको लागि रकम खर्च गर्नुपर्दछ। पालिकाले क्षेत्राधिकार वाहिर शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्थालाई रु. १ लाखको कम्प्युटर र प्रिन्टर र बखान सामाजिक महिला सहकारी संस्थालाई रु.५० हजारको फर्निचर खरिद गरि खरिद गरी वितरण गरेको छ। सहकारी संस्था आफ्नै वजेटवाट चल्ने हुँदा स्थानीय तहले समेत सहयोग गर्नु उचित देखिएन। यस प्रयोजनमा खर्च भएको रकम अनियमित देखिएको रु. | १५०,००० |
| ६४ | | | **भ्रमण खर्चमा वढी भुक्तानीः**<br><br>भ्रमण खर्च नियमावली, २०६४ मा श्रेणिविहिन कर्मचारीको लागि २० कि.मि. भन्दा टाढाको दुरीमा कार्यालयको काममा जाँदा रु.१०००।०० का दरले प्रतिदिन दैनिक भ्रमण भत्ता वापत रकम उपलब्ध गराउने व्यस्था छ। नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकाले तल उल्लिखित मितिमा कार्यालयका सवारी चालकहरुलाई प्रति दिन रु.१२०० का दरले दैनिक भ्रमण भत्ता वापत रकम उपलब्ध गराएको पाईयो। उक्त वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.<br><table><tr><th>गो.भौ.न.</th><th>भ्रमण अवधी</th><th>भएको</th><th>हुनुपर्ने</th><th>वढी</th></tr><tr><td>४१६</td><td>२०७८।८।१२-८।१७</td><td>६३००</td><td>५२५०</td><td>१०५०</td></tr></table> | ५,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५२१</td><td>२०७८।९।११-९।१७</td><td>७५००</td><td>६२५०</td><td>१२५०</td></tr>
<tr><td>६९९</td><td>२०७८।१०।१६-१०।२१</td><td>६३००</td><td>५२५०</td><td>१०५०</td></tr>
<tr><td>९३७</td><td>२०७८।११।११-११।२२</td><td>१२३००</td><td>१०२५०</td><td>२०५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>प्रदेश लोक सेवा आयोग परामर्श विना तह बृद्धिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानिय सेवाको गठन सञ्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र सर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने उल्लेख रहेको छ। उपदफा २ मा उपदफा-१ वमोजिमको सिद्धान्त र मापदण्डका अधिनमा रहि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले वनाएको कानुन वमोजिम हुने व्यवस्था रहेको छ। दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलव स्केल प्रदेश सरकारले तोके वमोजिम हुने व्यवस्था रहेको र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेवमोजिम हुने व्यवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १०(२) मा आयोगको परामर्श लिनुपर्ने विषयवस्तुको वारेमा व्यवस्था रहेको छ। गण्डकी प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ मा स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परिक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने तथा स्थानीय सरकारी सेवाको पदका कर्मचारीको सेवा शर्त सम्वन्धि कानुनको विषयमा, स्थानीय सरकारी सेवाको पदमा नियुक्ती वढुवा र विभागिय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा र स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागिय कारवाहीका सम्वन्धमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने र दफा ४३ मा आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता काम वदर गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले प्रदेश कानुन विना सभावाट कार्यविधि निर्माण गरी १४ जना कर्मचारीको तहवृद्धि र २२ जना कर्मचारीको ग्रेड वृद्धी गरी दिर्घकालिन दायित्व थप गरेकोमा प्रदेश लोकसेवा आयोगको पत्रानुसार उक्त निर्णय वदर गरी पुरानै तलव स्केलवाट तलव भुक्तानी गरेको देखिन्छ। यसरी प्रदेश लोकसेवा आयोगको वदर अगाडी तहवृद्धि तथा ग्रेड बृद्धि बापत भुक्तानी भएको रकम सम्वन्धित कर्मचारीवाट असुल गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा तह बृद्धि तर्फ १० जना र ग्रेड बृद्धि तर्फ १९ जनाले रु. ५५६९७४।०० स्थानिय संचित कोषमा दाखिला भएको छ। बाँकी रहेका निम्नानुसार कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.</td><td>१६०,५७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.न.</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी भएको रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>विनोद गौतम</td><td>८५७३</td><td rowspan="3">तहवृद्धि</td></tr>
<tr><td>२</td><td>गोविन्दराज मिश्र</td><td>११८८७</td></tr>
<tr><td>३</td><td>लोक बहादुर गुरुङ</td><td>१६८९६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७३५६</td><td></td></tr>
<tr><td>सि.न.</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी भएको रकम</td><td></td></tr>
<tr><td>१</td><td>शंकरदेव पौडेल</td><td>२४१६८</td><td rowspan="6">ग्रेड वृद्धी</td></tr>
<tr><td>२</td><td>डम्बर बहादुर श्रेष्ठ</td><td>१९२२४</td></tr>
<tr><td>३</td><td>बम्ब बहादुर दरै</td><td>१९२२४</td></tr>
<tr><td>४</td><td>सोमे कुमाल</td><td>२०६८८</td></tr>
<tr><td>५</td><td>किसान कुमाल</td><td>२०६८८</td></tr>
<tr><td>६</td><td>रामचन्द्र कोईराला</td><td>१९२२४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२३२१६</td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१६०५७२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>निवास तथा ईन्टरनेट खर्चः<br><br>गण्डकी प्रदेश सरकारले जारी गरको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा उल्लेख भएका १३ शिर्षकमा नगरपालिकाको प्रमुख तथा उपप्रमुखलाई निवास तथा ईन्टरनेट सुविधा उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले ऐनमा भएको व्यवस्था विपरीत कार्यपालिकाले निर्णय गरी नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई वार्षिक रुपमा ईन्टरनेट सुविधा वापत रु.१६,२०० र नगरउपप्रमुख मिरा जोशीलाई आवास सुविधा वापत मासिक रु.११,०००।०० दरले वार्षिक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु.१,३२,०००।०० तथा ईन्टरनेट सुविधा वापत वार्षिक रु.१६,२०० समेत गरी कुल रु.१,६४,४००।०० उपलब्ध गराएको पाईयो। ऐनमा भएको व्यवस्था विपरीत भुक्तानी भएको आवास तथा ईन्टरनेट सुविधा सम्बन्धित पदाधिकारीवाट असुल गर्नुपर्ने रु.</td><td>१६४,४००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>उत्खनन् परिमाणः<br><br>पालिकाले वातावरणीय प्रभाव मुल्यांकन गरेको निम्नानुसार घाटहरुबाट बार्षिक निम्नानुसार परिमाणमा ढंगा गिट्टि तथा बालुवा उत्खनन् गर्न सकिने गरी सिमा निर्धारण गरेको छ। पालिकाले सोही आधारमा ठेक्का प्रकृयाबाट निम्नानुसार फर्महरुसँग सम्झौता गरी आय ठेक्का लगाएको छ। न्यनतम मुल्यांकन भन्दा दोब्बर भन्दा बढी मुल्यमा समेत ठेक्का सम्झौता भएको अवस्थामा अधिकतम उत्खनन् परिमाणको सिमा भित्र रहेर उत्खनन् हुनेमा शंका सिर्जना भएको छ। तर पालिकाले ठेकेदार फर्महरुले अधिकत्तम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् गरे नगरेको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मुल्यांकन, सम्झौता गर्ने फर्महरुलाई जिम्मेवार बनाउने काम गरेको छैन्। यसबाट बढी परिमाणमा ढुंगा गिट्टि बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। बातावरणीय प्रभाव मुल्यांकनबाट कायम भएको अधिकत्तम उत्खनन् परीमाणको सिमा भित्र रहेर मात्र उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ।
<table>
<tr><th>ठेक्काको नाम</th><th>सम्झौता गर्ने फर्मको नाम</th><th>IEE अनुसार बार्षिक उत्खनन् परीमाण (घ.फि.)</th><th>न्युनतम रकम</th><th>कवोल अंक</th><th>न्यनतम रकमको तुलनामा कवोल अंकको प्रतिशत</th></tr>
<tr><td>मादी नदीको नदीजन्य पदार्थ विक्री</td><td>रिद्दि सिद्धि निर्माण सेवा प्रा.लि. काठमाण्डौ</td><td>४२४१२८२</td><td>२९६८८९७३</td><td>६९४६३३३३</td><td>२३४</td></tr>
<tr><td>मादीसेती प्राकृतिक स्रोत</td><td>वेलु निर्माण सेवा. दमौली</td><td>६५८६९९</td><td>४६१०८९५</td><td>१०२८२८२८</td><td>२२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अग्रिम आयकरः<br><br>आयकर ऐन, २०५८ मा आयमा १.५ प्रतिशतको दरले अग्रिम कर समेत थप गरी असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार आय ठेक्काबाट अग्रिम आयकर सहित निम्नानुसार रकम असुल गरेकोमा अग्रिम आयकर दाखिला गरेको छैन्। पालिकाको संचित कोषमा दाखिला भएको अग्रिम कर रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>आयको श्रोत/विवरण</th><th>अग्रिम कर</th><th>दाखिला भएको</th><th>बाँकी</th></tr>
</table></td><td>१६०,४५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मादीसेती प्राकृतिक स्रोत (वेलु निर्माण सेवा. दमौली)</td><td>१५४२४२</td><td>७७१२१</td><td>७७१२१</td></tr>
<tr><td>तनहुँ हाईड्रोबाट प्राप्त आय</td><td>७७७७९</td><td>०</td><td>७७७७९</td></tr>
<tr><td>छाब्दी मन्दिर बसपार्क पटके कर</td><td>२५५०</td><td>०</td><td>२५५०</td></tr>
<tr><td>करङकाठ बसपार्क पटके कर</td><td>३०००</td><td>०</td><td>३०००</td></tr>
<tr><td>जम्मा</td><td>२३७५७१</td><td>७७१२१</td><td>१६०४५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
मुल्य अभिबृद्धि करः<br><br>
मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा नेपाल सरकार तथा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु तथा सेवाको विक्रि गर्दा मुल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार आय ठेक्का बाट सम्झौता अनुसारको रकम असुल गर्दा निम्नानुसार मुल्य अभिबृद्धि कर समेत असुल गरेकोमा मुल्य अभिबृद्धि कर संघिय संचित कोषमा दाखिला गरेको छैन्। यसबाट संघिय संचित कोषमा दाखिला हुनुपर्ने राजश्वमा कमी हुन्छ। पालिकाको संचित कोषमा दाखिला भएको मुल्य अभिबृद्धि कर रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>मुल्य अभिबृद्धि कर</th><th>दाखिला भएको</th><th>बाँकी</th></tr>
<tr><td>मादीसेती प्राकृतिक स्रोत (वेलु निर्माण सेवा. दमौली)</td><td>१३३६७६८</td><td>६६८३८४</td><td>६६८३८४</td></tr>
<tr><td>तनहुँ हाईड्रोबाट प्राप्त आय</td><td>६७४०८३</td><td>०</td><td>६७४०८३</td></tr>
<tr><td>जम्मा</td><td>२०१०८५१</td><td>६६८३८४</td><td>१३४२४६७</td></tr>
</table>
</td><td>१,३४२,४६७</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
रोयल्टी बाँडफाँड नभएकोः<br><br>
नेपाल सरकारको ढुंगा गिट्टि, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ मा स्थानीय तहले साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्व मध्ये साठी प्रतिशत रकम सम्बन्धित स्थानीय संचित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा हुने
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था छ। गण्डकी प्रदेश सरकार आर्थिक ऐन, २०७९ को दफा ८ मा पनि स्थानिय तहले ढुंगा गीट्टि बालुवा लगायत दहत्तर बहत्तर तथा खानीजन्य पदार्थको उत्खनन् र बिक्रीबाट संकलित कुल राजश्व रकमको साठी प्रतिशत स्थानीय संचित कोषमा र चालिस प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार राजश्व बाँडफाँड गरी प्रदेश संचित कोषमा रकम दाखिला गरेको बिबरण माग गरी गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले मिति २०७९।८।१३ गते सबै स्थानिय तहलाई परिपत्र समेत गरेको छ। यस पालिकाले दहत्तर बहत्तर शुल्क शिर्षकमा मुल्य अभिबृद्धि कर र भ्याट बाहेक रु. ७,८०,६१,५९२।०० असुल गरेको छ। सो रकमको ४० प्रतिशतको हिसाबले निम्नानुसार रु. ३,१२,२४,६३७।०० प्रदेश विभाज्य कोषमा रकम पठाउनु पर्नेमा २ पटक गरेर रु. २,४२,६६,६६७।०० मात्र पठाएकोले रु. ६९,५७,९७०।०० पठाउन बाँकी छ। त्यस्तै गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा यसै शिर्षकमा उठेको राजश्वबाट प्रदेश विभाज्यकोषमा रु. १,०३,४५,३८०।०० पठाउनुपर्ने सैद्धान्तीक बेरुजू कायम भएकोमा हाल सम्म रकम पठाएको पाईएन्। अतः यो बर्षको रु. रु. ६९,५७,९७०।०० र गत बर्षको रु. १,०३,४५,३८०।०० समेत संघिय मापदण्ड एवं गण्डकी प्रदेश सरकार आर्थिक ऐन अनुसार प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>आय ठेक्का/ व्यवसायी</th><th>असुली रकम</th><th>भ्याट र अग्रम कर बाहेकको रकम</th><th>प्रदेश विभाज्य कोषमा पठाउनु पर्ने रकम</th></tr>
<tr><td>मादी नदीको नदीजन्य पदार्थ विक्री<br>(रिद्दि सिद्धि निर्माण सेवा प्रा.लि. काठमाण्डौ)</td><td>६९,४६३,३३३</td><td>६०,६६६,६६६</td><td>२४,२६६,६६७</td></tr>
<tr><td>मादीसेती प्राकृतिक स्रोत (वेलु निर्माण सेवा. दमौली)</td><td>१०,७९६,९७०</td><td>९,४२९,६६८</td><td>३,७७१,८६७</td></tr>
<tr><td>तनहुँ हाईड्रोबाट प्राप्त आय</td><td>५,९३७,१२०</td><td>५,१८५,२५८</td><td>२,०७४,१०३</td></tr>
<tr><td>गत बर्षको बक्यौता (वेलु निर्माण सेवा. दमौली)</td><td>२,७८०,०००</td><td>२,७८०,०००</td><td>१,११२,०००</td></tr>
<tr><td>जम्मा</td><td>८८,९७७,४२३</td><td>७८,०६१,५९२</td><td>३१,२२४,६३७</td></tr>
</table></td><td>१७,३०३,३५०</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>बहाल बक्यौता रहेकोः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसर, सरकारी जग्गामा बनेको संरचनाकोउपयोग बापत बहाल बिरौटी शुल्क लगाउने व्यवस्था छ। पालिकाले आफुले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण गरेको भवनको निम्नानुसार सटरहरुबाट निम्नानुसार बहाल रकम बक्यौता रहेको छ। सम्बन्धित व्यवसायीबाट तोकिए बमोजिम भुक्तानी गरेको दिन सम्म लाग्ने जरिवाना समेत थप गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क. स</th><th>नाम , थर</th><th>कोठा नं.</th><th>मासिक कोठा भाडा रु.</th><th>भाडा तिर्न बाकी महिना</th><th>बाकी भाडा रकम</th><th>जरीवाना रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>१</td><td>सबिता पन्थ</td><td>डि २</td><td>११०००</td><td>मिति २०७९ असार</td><td>११०००</td><td>४४०</td><td>११४४०</td></tr>
<tr><td>२</td><td>जुन नारायण श्रेष्ठ</td><td>ई ९</td><td>२६०००</td><td>मिति २०७९ जेठ र असार</td><td>५२०००</td><td>२०८०</td><td>५४०८०</td></tr>
<tr><td>३</td><td>पबित्रा मिया</td><td>ई १२</td><td>८०००</td><td>मिति २०७८ फागुन देखि २०७९ असार सम्म</td><td>४००००</td><td>१६००</td><td>४१६००</td></tr>
<tr><td>४</td><td>सुधिर कुमार गुप्ता</td><td>नया १०७</td><td>४५९००</td><td>मिति २०७८ चैत्र देखि २०७९ असार सम्म</td><td>१८३६००</td><td>७३४४</td><td>१९०९४४</td></tr>
<tr><td>६</td><td>राम बहादुर गुरुङ्ग</td><td>नया ११२</td><td>२४००५</td><td>मिति २०७९ जेठ र असार</td><td>४८०१०</td><td>१९२०</td><td>४९९३०</td></tr>
<tr><td>७</td><td>तलिमाया सिजाली</td><td>एफ २</td><td>७०००</td><td>मिति २०७९ बैशाख, जेठ र असार</td><td>२१०००</td><td>८४०</td><td>२१८४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३५५६१०</td><td>१४२२४</td><td>३६९८३४</td></tr>
</table></td><td>३६९,८३४</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>आय ठेक्का ब्यवस्थापनः<br><br>स्थानिय सरकार संचालन ऐन, २०७५ को दफा ११ मा पालिकाले आन्तरिक श्रोत अभिबृद्धि गर्न पालिका भित्रको आन्तरिक श्रोतहरुको अधिकतम परिचालन गर्नुपर्दछ। पालिकाले आर्थिक बर्ष २०७८।७९ मा निम्नानुसार आय ठेक्का लगाई निम्नानुसार रकम आम्दानी गरेको छ। यस सम्बन्धमा देखिएको थप ब्यहोरा निम्नानुसार छ।
<table>
<tr><th>आय ठेक्का/ व्यवसायी</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>असुली रकम</th></tr>
<tr><td>वातावरण शुल्क निकासी (पि.के कन्स्ट्रक्सन, पोखरा)</td><td>२०७८.०५.१७</td><td>१०,४७७,९००.७२</td><td>१०,४७७,९००.७२</td></tr>
<tr><td>मादी नदीको नदीजन्य पदार्थ विक्री</td><td>२०७८.०६.१९</td><td>६९,४६३,३३३.१३</td><td>६९,४६३,३३३.१३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (रिद्दि सिद्धि निर्माण सेवा प्रा.लि. काठमाण्डौ) \| \| \| <br> मादीसेती प्राकृतिक स्रोत (वेलु निर्माण सेवा. दमौली) \| २०७८.०६.१९ \| १०,२८२,८२८.२० \| १०,७९६,९६९.६१ <br> कवाडी संकलन (छाब्दी बाराही कन्स्ट्रक्सन) \| २०७८.०७.०३ \| ३९६,९५५.०० \| ३९६,९५५.०० <br> छाब्दी मन्दिर बसपार्क (वसन्त गिरी) \| २०७८.०८.०१ \| १७०,०००.०० \| १७०,०००.०० <br> करङकाठ बसपार्क (वसन्त गिरी ) \| २०७८.०८.०१ \| २००,०००.०० \| २००,०००.०० | |
| ७३ | | | **जरिवानाः** | ३,९९७,०६२ |

**जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी राजश्व रकम दाखिला गर्न १० दिन सम्म ढिला गरेमा दाखिला गर्न बाँकी रकमको १० प्रतिशतको दरले जरिवाना लगाउनु पर्ने व्यवस्था छ। पालिकाले ढिला गरी रकम दाखिला गर्ने मादी/सेती प्राकृतिक स्रोत उत्खन्नको ठेकेदार श्री वेलु निर्माण सेवा, दमौलीलाई १० प्रतिशत जरिवाना लगाएको छ। तर निम्नानुसार ठेक्काको सम्झौता अनुसारको समयमा राजश्व दाखिला नगरी ऐनको सोही आशयको कसुर गरेका आय ठेक्काका ठेकेदारहरुलाई पालिकाले जरिवना लगाएको छैन्। निम्नानुसार ठेकेदारले सम्झौता अनुसार बुझाउनुपर्ने मिति भन्दा न्युनतम ३४ दिन देखी अधिकत्तम ६२ दिन सम्म ढिला गरी राजश्व असुल भएको छ। त्यसैले निम्नानुसार व्यवसायीबाट जरिवाना रकम असुल गर्नुपर्ने रु.

| आय ठेक्का/ व्यवसायी | सम्झौताको बखत दाखिला रकम | ढिला असुल भएको रकम | जरिवाना रकम | कैफियत |
|---|---|---|---|---|
| वातावरण शुल्क निकासी (पि.के कन्स्ट्रक्सन, पोखरा) | ५,२३८,९५० | ५,२३८,९५० | ५२३,८९५ | २५/२५% रकम पौष र बैशाख १ गते बुझाउनुपर्नेमा माघ ४ र असार २ मा मात्र बुझाएको |
| मादी नदीको नदीजन्य पदार्थ विक्री(रिद्दि सिद्धि निर्माण सेवा प्रा.लि. काठमाण्डौ) | ३४,७३१,६६७ | ३४,७३१,६६७ | ३,४७३,१६७ | २५/२५% रकम पौष र बैशाख मसान्तमा बुझाउनुपर्नेमा बैंक ग्यारेन्टी बाट असुल गरेको |
| जम्मा | | | ३,९९७,०६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **सामुदायिक बनको आयः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको तल उल्लिखित सामुदायिक वनहरुवाट वन पैदावरको विक्री वापत रु. ३,९३,१२,०३८।०० आम्दानी गरेको छ। तर यि सामुदायिक बनहरुले ऐनमा भएको व्यवस्था बमोजिम १० प्रतिशतले हुने रु. ३९,३१,२०४०।०० स्थानीय संचित कोषमा दाखिला गरेको छैनन्। सामुदायिक बनको आयबाट पालिकासँग रकम बाँडफाँड गर्नुपर्ने सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली बिकास नगरेको कारण पालिकामा रकम जम्मा नभएको देखिन्छ। सम्वन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नपर्ने रु. | ३,९३१,२०२ |

| सि.न. | सामुदायिक वनको नाम | १३% मू.अ.कर | वनपैदारवार विक्रिवाट प्राप्त रकम | १०% ले हुने रकम |
|---|---|---|---|---|
| १ | रुम्सी सा.उ.स. | १०५१०० | ८०८४६२ | ८०८४६ |
| २ | खड्गदेवी सा.उ.स. | ७९७९० | ६१३७६९ | ६१३७७ |
| ३ | मुरली भञ्ज्याङ् सा.उ.स. | १२३२१५ | ९४७८०८ | ९४७८१ |
| ४ | सातविसे कटहरे सा.उ.स. | ५४९२० | ४२२४६२ | ४२२४६ |
| ५ | सुदेखोला सा.उ.स. | ६४३२५ | ४९४८०८ | ४९४८१ |
| ६ | भोर्लेफुलवारी सा.उ.स. | ७०१७५ | ५३९८०८ | ५३९८१ |
| ७ | फेदी सा.उ.स. | ७४३१५ | ५७१६५४ | ५७१६५ |
| ८ | भण्डारीपाखा सा.उ.स. | १०५२५५ | ८०९६५४ | ८०९६५ |
| ९ | भुँयारी सा.उ.स. | २६०४७५ | २००३६५४ | २००३६५ |
| १० | हर्कपुर सा.उ.स. | २६३३७० | २०२५९२३ | २०२५९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११ | बाहुनपोखरा सा.उ.स. | ७१९४० | ५५३३८५ | ५५३३८ |
| १२ | बेलघारी राम्चेपाखा सा.उ.स. | ९४६५५ | ७२८११५ | ७२८१२ |
| १३ | वेनीकोट सा.उ.स. | १५४०१५ | ११८४७३१ | ११८४७३ |
| १४ | चापेगैह्रा सालथुम्का सा.उ.स. | २९२८० | २२५२३१ | २२५२३ |
| १५ | चिसापानी सा.उ.स. | १६०२६० | १२३२७६९ | १२३२७७ |
| १६ | कोच्चो सा.उ.स. | १८८५५० | १४५०३८५ | १४५०३८ |
| १७ | कोच्चो सा.उ.स. | १३११७० | १००९००० | १००९०० |
| १८ | छापडाँडा भन्ज्याङ् सा.उ.स. | २८८६५ | २२२०३८ | २२२०४ |
| १९ | सातविसे कट्हरे सा.उ.स. | ५८११५ | ४४७०३८ | ४४७०४ |
| २० | चण्डिका सा.उ.स. | ५२७५१० | ४०५७७६९ | ४०५७७७ |
| २१ | पारीपाखा सा.उ.स | ९३३१५ | ७१७८०८ | ७१७८१ |
| २२ | स्यान्कुनथोक सा.उ.स. | १५२५४५ | ११७३४२३ | ११७३४२ |
| २३ | रिपापाखा सा.उ.स. | १२२३०० | ९४०७६९ | ९४०७७ |
| २४ | सपनकोट सा.उ.स. | १९५६९० | १५०५३०८ | १५०५३१ |
| २५ | सपनकोट सा.उ.स. | २१८५२० | १६८०९२३ | १६८०९२ |
| २६ | सपनकोट सा.उ.स. | २२५९१५ | १७३७८०८ | १७३७८१ |
| २७ | भण्डारीपाखा सा.उ.स. | ४५९४० | ३५३३८५ | ३५३३८ |
| २८ | तिनसाले सा.उ.स. | ५३५५५ | ४११९६२ | ४११९६ |
| २९ | भोर्लेफुलवारी सा.उ.स. | ५८२८५ | ४४८३४६ | ४४८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०</td><td>गलेखाम सा.उ.स.</td><td>२०९५४५</td><td>१६११८८५</td><td>१६११८८</td></tr>
<tr><td>३१</td><td>शिद्धवराह सा.उ.स.</td><td>१९१८९५</td><td>१४७६११५</td><td>१४७६१२</td></tr>
<tr><td>३२</td><td>कोटभैरव सा.उ.स.</td><td>३७९८५५</td><td>२९२१९६२</td><td>२९२१९६</td></tr>
<tr><td>३३</td><td>पारिपाखा सा.उ.स.</td><td>५२५६५</td><td>४०४३४६</td><td>४०४३५</td></tr>
<tr><td>३४</td><td>अकला सा.उ.स.</td><td>६९९२५</td><td>५३७८८५</td><td>५३७८८</td></tr>
<tr><td>३५</td><td>कोच्चो सा.उ.स.</td><td>३२०९००</td><td>२४६८४६२</td><td>२४६८४६</td></tr>
<tr><td>३६</td><td>फेदी सा.उ.स.</td><td>७४५१५</td><td>५७३१९२</td><td>५७३१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५११०५६५</td><td>३९३१२०३८</td><td>३९३१२०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>आय/लेखा सफ्टवेयरको प्रयोगः<br><br>स्थानिय तहको आय तथा खर्चको लेखांकनको लागी सरकारले सुत्र प्रणाली प्रयोगमा ल्याएको छ। पालिकाले २०७४ साल देखी IPT (Integrated Property Tax) Software नाम गरेको सफ्टवेयर प्रयोग गरिरहेको छ। उक्त सफ्टवेयरबाट व्यक्तिगत घटना दर्ता, सिफारिस दस्तुर लगायत राजश्वको बिल मात्र काटिन्छ। बार्षिक मर्मतको लागी रु. ९६ हजार खर्च हुने गरेको छ। त्यस्तै पालिकाले तलब भत्ता भुक्तानी प्रयोजनको लागी रु. ३ लाख ९५ हजार खर्च गरी गभर्मेन्ट अटोमेसन सोलुसनबाट सफ्टवेयर खरिद गरी संचालन गरिरहेको छ। खर्चमा मितव्ययीता, प्रभावकारीता तथा अभिलेख व्यवस्थापनमा एक रुपता कायम गर्न महालेखा नियन्त्रक कार्यालयबाट लागु गरिएको सुत्र प्रणाली प्रयोगमा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>७६</td><td>५८१</td><td>२०७९-३-२४</td><td>शिक्षण सिकाई सामाग्रीः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा शिक्षण सिकाई सामाग्री तथा ल्याव व्यवस्थापन (प्राविधिक धार अन्तर्गत ९-१२) अनुदान अन्तर्गत स्थानीय तहले प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाई प्रति विद्यार्थि रु. १५,०००।०० का दरले अनुदान उपलव्ध गराउने व्यवस्था रहेकोमा स्थानीय तहले सत्यवती मा. वि. व्यास, २ लाई ल्याव</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | असिस्टेन्टको पारिश्रमिक वाहेक जम्मा ११८ जना विद्यार्थी वापत कुल रु. १५,९८,०७०।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि सम्म कुनै किसिमका खर्च पुष्टि हुने कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १,५९८,०७० |
| ७७ | | | **सोझै खरिदः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने रु.५ लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दर भाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्ता संग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ पालिकाले यो वर्ष ५ लाख भन्दा बढीको मसलन्द तथा कार्यालय सामाग्री, स्टेशनरी तथा सरसफाई सामाग्री समेत सोझै खरिद गरेको पाइयो। यसरी सोझै खरिद गर्दा खरिदमा प्रतिस्पर्धा कम हुने देखिन्छ। खरिद कार्य गर्दा प्रतिस्प्रर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा वोलपत्रमार्फत खरिद गर्नुपर्नेमा पालिकाले विभिन्न फर्महरुबाट रु.३२ लाख २ हजार वरावरको मसलन्द तथा कार्यालय सामाग्री, स्टेशनरी तथा सरसफाई सामाग्री सोझै खरिद गरेको छ। पालिकाले बर्ष भरीमा आवश्यक सामाग्रीहरु पुर्वानुमान गर्न नसकिने भएकोले पटक पटक खरिद गर्नु परेको जनाएको छ। बिगतको सामान खपतको प्रवृति विश्लेषण, माग संकलन गरी बार्षिक खरिद आवश्यकता पहिचान गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। | |
| ७८ | | | **स्वीकृत दरवन्दी वेगरको करार सेवाः**<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने उल्लेख छ। साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,२०७७ को दफा ४(२) मा सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था छ। पालिकाले तल उल्लिखित स्वास्थ्य चौकीहरुमा दरबन्दी बेगर २६ कर्मचारीहरु राखी तलब भत्ता बापत रु. ७६ लाख ५८ हजार खर्च लेखेको छ। दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, कर्मचारी भर्ना गर्दा योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। छलफलको क्रममा संघिय सरकारले स्वास्थ्य चौकी भवन निर्माण गरी संचालनको लागि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकालाई हस्तान्तरण गरेको र सेवा प्रवाहको लागि कर्मचारी राखिएको पालिकाले जनाएको छ। नियमानुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकताको आधारमा दरबन्दी सिर्जना गरी दरबन्दी अनुसार योग्यता प्रणालीलाई अनुसरण गरी पदपूर्ति गर्नुपर्दछ। | |

| सि.न. | स्वास्थ्यचौकीको नाम | कर्मचारीको नाम | मासिक रकम | वार्षिक रकम |
|---|---|---|---|---|
| १ | चारकुने आ.स्वा.के. | मिना लौडारी | २२००० | २८६००० |
| २ | | सञ्जिता मिश्र | २१००० | २७३००० |
| ३ | केरावारी आ.स्वा.के. | सुनिल अधिकारी | २२००० | २८६००० |
| ४ | | निशा थापा | २२००० | २८६००० |
| ५ | सिमलटार आ.स्वा.के. | उज्जवल पौडेल | २१००० | २७३००० |
| ६ | | आरुषी कैनी | २१००० | २७३००० |
| ७ | पतेनी आ.स्वा.के. | शान्ति लामिछाने | २१००० | २७३००० |
| ८ | | कमला गुरुङ | २१००० | २७३००० |
| ९ | रानीवर्रा शहरी स्वा.के. | रसिता अधिकारी | १९००० | २४७००० |
| १० | | अमृता थापा | १९००० | २४७००० |
| ११ | मादिवेशी सामुदायीक स्वा.ई | सरिता थापा | १९००० | २४७००० |
| १२ | पाथ्रा आ.स्वा.के. | चन्द्रकला पन्थी | २१००० | २७३००० |
| १३ | | लक्ष्मी ढकाल | १९००० | २४७००० |
| १४ | सेतीवेशी सा.स्वा.ई. | प्रतिक्षा अधिकारी | १९००० | २४७००० |
| १५ | हुगती आ.स्वा.के. | अम्बिका सिग्देल | १९००० | २४७००० |
| १६ | | सुशिला सेवा परीयार | २१००० | २७३००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७</td><td rowspan="4"></td><td>प्रकाश खनाल</td><td>३९८७०</td><td>५१८३१०</td></tr>
<tr><td>१८</td><td>आशिष श्रेष्ठ</td><td>३९८७०</td><td>५१८३१०</td></tr>
<tr><td>१९</td><td>सुदिप अधिकारी</td><td>३०२००</td><td>३९२६००</td></tr>
<tr><td>२०</td><td>बबिता सापकोटा</td><td>३०२००</td><td>३९२६००</td></tr>
<tr><td>२१</td><td rowspan="2">हुगती शहरी स्वा.के.</td><td>सावित्री आले</td><td>२२०००</td><td>२८६०००</td></tr>
<tr><td>२२</td><td>गिता पाण्डे</td><td>१९०००</td><td>२४७०००</td></tr>
<tr><td>२३</td><td rowspan="2">छाब्दी श.स्वा.के.</td><td>पद्म कुमारी थापा</td><td>१९०००</td><td>२४७०००</td></tr>
<tr><td>२४</td><td>नेबिका श्रेष्ठ</td><td>१९०००</td><td>२४७०००</td></tr>
<tr><td>२५</td><td rowspan="2">घाँसीकुवा स्वा.चौ.</td><td>प्रमीला गुरुङ</td><td>२२०००</td><td>२८६०००</td></tr>
<tr><td>२६</td><td>पवित्रा पौडेल</td><td>२१०००</td><td>२७३०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७६५८८२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>
करार कर्मचारीलाई पोशाक भत्ताः<br><br>
नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करार सेवामा कार्यारत कर्मचारीहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेको छ। पालिकाले निम्न स्वीकृत दरबन्दी भन्दा बाहिर करार सेवामा कार्यारत कर्मचारीहरुलाई पोशाक भत्ता उपलब्ध गराएको छ। यसबाट सरकारलाई बढी ब्ययभार परेको छ। परिपत्रमा भएको व्यवस्था विपरित भुक्तानी गरेको पोशाक भत्ता रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि.न.</th><th>कर्मचारीको नाम</th><th>पोशाक भत्ता</th></tr>
</table>
</td><td>२७७,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १ | मिना लौडारी | ९९०० |
| २ | सञ्जिता मिश्र | ९९०० |
| ३ | सुनिल अधिकारी | ९९०० |
| ४ | निशा थापा | ९९०० |
| ५ | उज्जवल पौडेल | ९९०० |
| ६ | आरुषी कैनी | ९९०० |
| ७ | शान्ति लामिछाने | ९९०० |
| ८ | कमला गुरुङ | ९९०० |
| ९ | रसिता अधिकारी | ९९०० |
| १० | अमृता थापा | ९९०० |
| ११ | सरिता थापा | ९९०० |
| १२ | चन्द्रकला पन्थी | ९९०० |
| १३ | लक्ष्मी ढकाल | ९९०० |
| १४ | प्रतिक्षा अधिकारी | ९९०० |
| १५ | अम्बिका सिग्देल | ९९०० |
| १६ | सुशिला सेवा परीयार | ९९०० |
| १७ | प्रकाश खनाल | ९९०० |
| १८ | आशिष श्रेष्ठ | ९९०० |
| १९ | सुदिप अधिकारी | ९९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>२०</td><td>बबिता सापकोटा</td><td>९९००</td></tr><tr><td>२१</td><td>सावित्री आले</td><td>९९००</td></tr><tr><td>२२</td><td>गिता पाण्डे</td><td>९९००</td></tr><tr><td>२३</td><td>पद्म कुमारी थापा</td><td>९९००</td></tr><tr><td>२४</td><td>नेबिका श्रेष्ठ</td><td>९९००</td></tr><tr><td>२५</td><td>प्रमीला गुरुङ</td><td>९९००</td></tr><tr><td>२६</td><td>पवित्रा पौडेल</td><td>९९००</td></tr><tr><td>२७</td><td>विनोद राना (भान्से)</td><td>९९००</td></tr><tr><td>२८</td><td>तिल माया थापा (भान्से)</td><td>९९००</td></tr><tr><td colspan="2">जम्मा</td><td>२७७२००</td></tr></table> | |
| ८० | | | **कम करकट्टी गरी भुक्तानीः**<br><br>आयकर ऐन, २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले स्वास्थ्य तर्फको कोरोना संक्रमित विरामीको उपचारमा मिति २०७८।४।१ देखि पौष मसान्तसम्म खटिएका डा. सुरज घिमिरेलाई जोखिमा भत्ता वापत रु.१३३५००।०० भुक्तानी गरिएकोमा १% मात्र सासु कर कट्टी गरेको पाईयो। बाँकी १४% कर रकम सम्वन्धित व्यक्तिवाट दामासाहीले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. | १८,६९० |
| ८१ | | | **औषधी खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेखछ। पालिका यस वर्ष १५ लाखको औषधी सोझै खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br><br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• व्यास नगरपालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएकोछ भन्ने प्रमाण संलग्न नरहेको,<br>• म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| ८२ | | | **कृषि तथा पशुमा अनुदानः**<br><br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ।पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.न.।मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १७९।२०७८।११।२३ | ५०% अनुदानमा धानको विउ खरिद | १५६६२४ |
| ४८०।२०७९।३।२० | ५०% अनुदानमा मकैको विउ | ४९९३६० |
| ४८५।२०७९।३।२१ | ५०% अनुदानमा भैंसी प्रवर्द्धन कार्यक्रम | २४०००० |
| ४८६।२०७९।३।२१ | ५०% अनुदानमा भैंसी प्रवर्द्धन कार्यक्रम | ३६६८२० |
| ५१४।२०७९।३।२२ | भैंसी प्रवर्द्धन कार्यक्रम | ३६०००० |
| १५५५।२०७९।३।२५ | ५०% अनुदानमा धानको विउ वितरण कार्यक्रम | १५६३५० |
| १५५७।२०७९।३।२५ | ५०% अनुदानमा धानको विउ वितरण कार्यक्रम | ४९८७१४ |
| १४६०।२०७९।३।१६ | ५०% अनुदानमा आलु लसुन प्याज पकेट कार्यक्रम | २१०००० |
| १४४४।२०७९।३।१६ | ७५% अनुदानमा उन्नत जातको बोयर बोका खरिद | २५०२०० |

• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन।अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

• अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>

**वढी भुक्तानीः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिमका कृषि तर्फका अनुदानका कार्यक्रममा स्वीकृत जिल्ला दररेट भन्दा वढी दररेट राखी कृषकहरुले खरिद गरी पेश गरेको विल भरपाईका आधारमा अनुदान दिई खर्च लेखेको पाईयो। उक्त दररेट भन्दा वढी भुक्तानी दिएको रकम सम्वन्धित समुहवाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>विवरण</th><th>परिमाण</th><th>भएको दर</th><th>हुनुपर्ने दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१७९।२०७८।११।२३</td><td>५०% अनुदानमा धानको विउ खरिद</td><td>२००८</td><td>७८</td><td>६३</td><td>१५०६०</td></tr>
<tr><td>२४२।२०७८।७।७</td><td>१००% अनुदानमा जै घाँसको विउ वितरण</td><td>४८३</td><td>१२०</td><td>६०</td><td>२८९८०</td></tr>
<tr><td>३६३।२०७८।८।१४</td><td>८०% अनुदानमा जै घाँसको विउ वितरण</td><td>७०८</td><td>१२०</td><td>६०</td><td>३३९८४</td></tr>
<tr><td>५२६।२०७८।९।२०</td><td>७५% अनुदानमा जै घाँसको विउ वितरण</td><td>६००</td><td>११०</td><td>६०</td><td>२२५००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१००५२४</td></tr>
</table>

</td><td>१००,५२४</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>

**वढी भुक्तानीः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ५०% अनुदानमा धानको विउ वितरण कार्यक्रममा ढुवानी रु.११,०००।०० सहित धानको विउ खरिदमा रु. १,५६,६२४।०० खर्च भएकोमा धानको विउ वापत रु. ७८,३१२ र

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ढुवानी रु. ११,०००।०० सहित रु. ८९,३१२ भुक्तानी हुनुपर्नेमा रु. १,०२,०७२।०० भुक्तानी भएकोले उक्त वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु. | १२,७६० |
| ८५ | | | **बीउ खरिदः**<br><br>जिल्लास्थित सरकारी कार्यालयले सम्वन्धित जिल्लाको लागि निर्धारण भएको सोही आर्थिक वर्षको स्वीकृत जिल्ला दररेटको प्रयोग गर्नुपर्नेमा पालिकाले खरिद गरेको मकैको बीउमा स्वीकृत जिल्लाको दररेट प्रयोग गरेको छैन। तनहुँ जिल्लाको आर्थिक वर्ष २०७८।७९ को लागि स्वीकृत जिल्ला दररेटमा उन्नत मकैको दर रु. ८०।० प्रति के जी कायम गरिएकोमा पालिकाले निम्नानुसार प्रति के.जी. रु. ३५० देखी रु. ६०० सम्ममा खरिद गरी कृषकलाई वितरण गरेको छ। स्वीकृत दररेटमा उन्नत विउ विजनको दररेट उल्लेख नभएको र बजार मुल्य अनुसार खरिद गरीएको पालीकाले जनाएको छ। जिल्ला दररेटमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नभएकोले यस सम्वन्धमा सम्वन्धितले एकिन गर्न सकिएन् । खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउन तथा आपूर्ति गरिएको बिउहरुको गुणस्तर परीक्षण पश्चात मात्र भुक्तानी गर्न आवश्यक व्यवस्था हुनुपर्दछ। | |

| गो.भौ.न.।मिति | विवरण | परिमाण र प्रति के.जी.मुल्य |
|---|---|---|
| ४७९।२०७९।३।२० | हाइब्रिड मकैको विउ | २९*३५०=१०१५० |
| | सीपि मकैको विउ | २५*६००=१५००० |
| | राम १० | ३४*५००=१७००० |
| | स्टाण्ड हाईब्रिड | ४३*३००=१३८०० |
| | ड्रायगन | १०*६००=६००० |
| ४८०।२०७९।३।२० | ड्रायगन | २६०*६००=१५६००० |
| | राज कमाई | २२८*४५०=१०२६०० |
| | वायोसिड | २१६*३४५=७४५२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>रामपुर १०</td><td>४१४*५००=२०७०००</td></tr>
<tr><td></td><td>जेके रगन एच</td><td>२६७*५००=१३३५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>
विउविजन अनुदानः<br><br>
उन्नत विउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन प्रक्रिया,२०७७ को २.२ मा कृषकहरुलाई अनुदान उपलब्ध गराउँदा उन्नत विउको प्रतिस्पर्धात्मक विक्रि मूल्यको वढीमा ५०% अनुदान दिने उल्लेख रहेको छ। पालिकाले देहाय वमोजिमका कृषकहरुलाई अनुदान उपलब्ध गराउँदा कार्यविधीमा भएको व्यवस्था भन्दा वढी अनुदान दिइएको पाईयो। उक्त कार्यविधी भन्दा वढी अनुदान दिएको रकम सम्वन्धित कृषक समुहवाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>कुल रकम</th><th>वढी अनुदान</th></tr>
<tr><td>२४२।२०७८।७।७</td><td>१००% अनुदानमा जै घाँसको विउ वितरण</td><td>४८३</td><td>१२०</td><td>५७९६०</td><td>२९९८०</td></tr>
<tr><td>३६३।२०७८।८।१४</td><td>८०% अनुदानमा जै घाँसको विउ वितरण</td><td>७०८</td><td>१२०</td><td>८४९६०</td><td>१६९९२</td></tr>
<tr><td>५२६।२०७८।९।२०</td><td>७५% अनुदानमा जै घाँसको विउ वितरण</td><td>६००</td><td>११०</td><td>६६०००</td><td>१६५००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६३४७२</td></tr>
</table>
</td><td>६३,४७२</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>
उद्यम विकास तर्फः<br><br>
गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७४ को बुंदा नं २९ मा व्यवसाय विकास सेवा प्रदायक संस्थाले तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी उद्योग विकास शाखासँग समन्वय गरी उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। साथै प्राविधिक सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको र बुंदा नं ३३ (ग) मा उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई कार्यक्रमको तर्फबाट बढीमा ८० प्रतिशत र उद्यमीको तर्फबाट कम्तीमा २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यस्था छ। पालिकाले उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमिलाई रु. १,२५,०००।०० लागतमा दुना टपरी मेशिन खरिद गरी हस्तान्तरण गरेकोमा कार्यविधि अनुसार २०% लागत
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सहभागीता गराएको छैन् । यसले नगरपालीकाको व्ययभार बढाएको छ। उक्त लागत सहभागिता रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.</td><td>२५,०००</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका ८ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९२ जनालाई रोजगारी उपलव्ध गराई. रु. ३६ लाख ७७ हजार खर्च गरेको छ। लक्षित वर्गलाई ७० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>फरक नर्म्सको प्रयोगः<br><br>पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ। पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५७७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ। स्थानीय ग्रामिण तथा कृषि सडकको स्वीकृत नर्म्स नं २-१ २.२, २- १.८ र २-१.९ मा सडक तथा ड्रेनमा नरम माटो खन्ने प्रति घनमिटर कार्यमा लाग्ने मानिसको परिमाण ०.५ भएकोमा प्रधानमन्त्री कार्यक्रम अन्तर्गत नमुना छनौटको आधारमा निम्न योजनामा उक्त कार्यको लागत अनुमानमा म्यानडेज ०.५ नभई ०.७ राखी लागत अनुमान तयार गरेको पाइयो।य सरी लागत अनुमान तयार गेको कारणबाट संघीय सरकारलाई थप व्ययभार परेको छ। फरक नर्म्सको प्रयोग गरी बढी खर्च भएको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>परिमाण (घनमिटर)</th><th>हुनुपर्ने म्यानडेज</th><th>भएको म्यानडेज</th><th>फरक म्यानडेज</th><th>दर</th><th>बढी खर्च</th></tr>
</table></td><td>१९२,२४२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| डाँडाबारी हुँदै बेनीमित्र प्रा.वि. सम्म सिढी बाटो | नरम माटो काट्ने काम | ३१५.१४ | ०.५ | ०.७ | ०.२ | ५७७ | ३६३६७ |
| मुलपानी चमेरे गुफा भगवती पानी हुँदै तनहुँ सुर पदमार्ग | कडा माटो काट्ने काम | १३१.२५ | ०.६ | ०.८ | ०.२ | ५७७ | १५१४६ |
| मुलपानी चमेरे गुफा भगवती | नरम माटो काट्ने काम | १५५.४७ | ०.५ | ०.८ | ०.३ | ५७७ | २६९१२ |
| बेलचौतारा आशापानी पैदल मार्ग | नरम माटो काट्ने काम | २३४.३१ | ०.५ | ०.७ | ०.२ | ५७७ | २७०३९ |
| शिवालय मोटर मार्ग रक्सा देखि वडा कार्यालय सम्म कच्ची नाला | नरम माटो काट्ने काम | २५१.४५ | ०.५ | ०.७ | ०.२ | ५७७ | २९०१७ |
| शिवालय मोटर मार्ग रक्सा देखि वडा कार्यालय सम्म कच्ची नाला | कडा माटो काट्ने काम | २५१.४५ | ०.६ | ०.८ | ०.२ | ५७७ | २९०१७ |
| कटुसखोल्सी कालिका मन्दिर पैदल निर्माण | नरम माटो काट्ने काम | २४९.०८ | ०.५ | ०.७ | ०.२ | ५७७ | २८७४४ |
| जम्मा | | | | | | | १९२२४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **शिक्षक विद्यार्थी अनुपातः**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ई. सि. डी वाहेकका ७६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |
| ९०.१ | | | स्थानीय तह मातहतमा रहेका ७६ विद्यालयमा ६०० शिक्षक दरवन्दी रहेकोमा ६०० नै पदपुर्ति भएको मध्ये ७२ शिक्षक करारमा देखिन्छ । दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती हुनुपर्दछ। | |
| ९०.२ | | | कुल विद्यार्थी संख्या ११७७६ जना रहेकोमा तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ। | |
| ९१ | | | **वढि ग्रेडः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरि वा अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं १.१.१.६७ मा व्यवस्था छ। राष्ट्रिय कितावखानाले पारित गरेको नगरपालिकाका स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन अनुसार आ. व. ०७८।७९ मा निम्न शिक्षकहरुलाई तलव भत्ता निकासा दिंदा पाउनु पर्ने ग्रेड भन्दा वढि ग्रेड निकासा गरेकोले वढी भुक्तानी सम्वन्धित शिक्षकहरुवाट असुल गरि संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | २०४,१५९ |

| शिक्षकको नाम | पद | विद्यालय | पाउनु पर्ने ग्रेड | निकासा ग्रेड | दर | वढी ग्रेड रकम (संचयकोष सहित) |
| --- | --- | --- | --- | --- | --- | --- |
| वन्धुराज पौडेल | प्रा. वि द्वितीय | शुक्र आ. वि. व्यास, ५ | ५ | ६ | १००७ | १४,४०० |
| ज्ञानेन्द्र न्यौपाने | मा. वि द्वितीय | जनजुक्त शाही मा. वि व्यास, ५ | ४ | ५ | १४१३ | २०,२०५ |
| विष्णु प्र. ढकाल | प्रा. वि द्वितीय | सत्यवती मा. वि व्यास, २ | ५ | ६ | १००७ | १४,४०० |
| लक्ष्मी कुमारी पौडेल | प्रा. वि द्वितीय | शुक्र आ. वि. व्यास, ५ | ५ | ६ | १००७ | १४,४०० |
| राम व. नेपाली | प्रा. वि द्वितीय | शिन्धु प्रा. वि. व्यास, ५ | ५ | ६ | १००७ | १४,४०० |
| युवराज वाग्ले | नि. मा. वि द्वितीय | क्यामिनकोट मा. वि. व्यास, ७ | १ | ३ | १२६७ | ३६,२३६ |
| सिलावती गुरूङ | प्रा. वि द्वितीय | भानु मा. वि व्यास, १० | ५ | ६ | १००७ | १४,४०० |
| केदारनाथ पौडेल | प्रा. वि द्वितीय | भानु मा. वि व्यास, १० | ५ | ६ | १००७ | १४,४०० |
| गंगाराम पौडेल | प्रा. वि द्वितीय | भानु मा. वि व्यास, १० | ५ | ६ | १००७ | १४,४०० |
| डिल वहादुर मगर | प्रा. वि द्वितीय | जनता आ. वि. व्यास, १० | ५ | ६ | १००७ | १४,४०० |
| राजु ढकाल | नि. मा. वि द्वितीय | जनजागृती गंगा मा. वि व्यास, १३ | ० | १ | १२६७ | १८,११८ |
| टिकाराम दाहाल | प्रा. वि द्वितीय | शुक्र आ. वि. व्यास, ५ | ५ | ६ | १००७ | १४,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | जम्मा | २,०४,१५९।०० | |